वर्ष : १७, अंक : ३२, काठमाडौं, २०७८ मंसिर १० गते शुक्रबार, 26 November 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

# मधेशको सवालमा एमालेप्रति अझै संशय

## विगतमा ओलीको विरोध गर्नेहरूको मानसिकता अहिले मधेशमा फेरिएको छ त ?

**मधेशवाणी डेस्क**

काठमाडौं । मधेश आन्दोलनका क्रममा एमालेले मधेश विरोधी अभिव्यक्ति दिँदा त्यसको तीव्र विरोध भएको थियो र एमालेलाई मधेश विरोधी पार्टी चित्रित गरिएको थियो ।

अध्यक्ष केपी ओलीलाई मधेश विरोधी नेता भनेर प्रचार पनि गरिएको थियो । खासगरी तत्कालीन एमाले र ओली विरूद्ध मधेशमा घृणा अभियान चलाइएको थियो । यो घृणा अभियान यति शशक्त थियो कि तत्कालीन एमालेले चलाएको मेची-महाकाली अभियानमा सप्तरीको राजविराजमा सुनियोजित हिँसा समेत गराइएको थियो ।

एमालेलाई मधेश निषेध गर्ने अभियान पनि चल्यो । एमाले र नेकपा माओवादी केन्द्र एकीकरणपछि ओलीले केही राहत भने पाए । किनभने तिनै ओली मधेशका जिल्लाहरूमा जाँदा उनको कुरा सुन्न ठूलो संख्यामा मानिस उपस्थित भए ।

अर्थात्, दिन फेरियो, राजनीति फेरियो र एमाले उपर लगाइएको मधेश विरोधी ट्याग कसरी हट्यो कसैले पनि चाल पाएन ।

पटक पटक मधेश जाँदा ओलीले मधेशको विकासको जिम्मा आफूले लिएको र आफूले जति मधेशको हित कसैले नगर्ने ठोकुवा मात्र गरेनन्, केही उदाहरण पनि दिए ।

अब ती दिन लगभग सम्झनामा मात्र सीमित रहने अवस्था आएको छ । तर, मधेशमा ओलीको उपस्थितिलाई विगतसँग पनि जोडेर हेर्नुपर्ने हुन्छ । त्यतिविध्न घृणा अभियान चलाइएका तथा त्यस्तो अभियानका सिकार बनेका ओली मधेशमा 'हाईहाई' हुन थालेका छन् ।






विगतमा ओलीले गरेका मधेशका जिल्लाहरूको भ्रमणले मधेशको मानसिकता फेरिएको र घृणा अभियान चलाउनेहरू कमजोर बनेको संकेत गरेको छ ।

अहिले एमाले १० औं महाधिवेशनको पूर्वसन्ध्यामा छ । महाधिवेशनमा मधेशले राम्रो अवसर र मौका पाएको छ ।

शुक्रबारदेखि सुरू नेकपा एमालेको दशौं राष्ट्रिय महाधिवेशन चितवनमा हुँदैछ । उद्घाटन नारायणीको किनार र बन्द सत्र सौरहामा हुनेछ । उक्त राष्ट्रिय महाधिवेशनले आफ्नो संशोधित विधानअनुसार नयाँ केन्द्रीय कमिटी निर्माण गर्दैछ । नयाँ केन्द्रीय कमिटीमा १५ पदाधिकारी सहित २ सय २५ सदस्यहरू चयन हुनेछन् । अब बन्ने कमिटिमा नेकपा एमालेले गोदावारीमा भएको दशौं विधान महाधिवेशनबाट पारित नेपालको संविधान अनुरूप ९ वटा क्लष्टर छुट्याइएको छ ।

जसमा महिला, आदिवासीजनजाती, मधेशी, दलित, थारू, मुस्लिम, श्रमिक, पिछडिएको क्षेत्र र भौगोलिक क्षेत्रहरू रहेका छन्। जसलाई समावेशी सिद्धान्तअनुसार राम्रो सुरूवात मान्नु पर्छ । तर, विगतको समावेशिताको इतिहासलाई हेर्दा समावेशिताको फाइदा केही वर्ग, समुदायले मात्र उपयोग गरेको देखिन्छ । तसर्थ आन्तरिक समावेशिताको बहसलाई गहन रूपमा छलफल गर्न जरूरी छ, ताकी त्यस भित्रका अन्य उत्पीडनमा परेका वर्ग, लिङ्ग, समुदायले अवसर सिर्जना सकियोस् ।

पार्टी संगठनमा समावेशिताको विषयमा बहस उठाइरहँदा त्यस भित्रपनि आन्तरिक समावेशिताको आवाजलाई बुलन्द बनाउँदै कार्यान्वयन गर्न आवश्यक छ ।

नेकपा (एमाले) को फुटले उक्त पार्टीलाई मधेशमा पार्ने सम्भावित प्रभावको यकिन गर्न सजिलो छैन । एमालेबाट फुटेर गएका वरिष्ठ नेता माधवकुमार नेपालको गृहक्षेत्र रौतहट भएकाले उनको प्रभाव मधेशमा बढी भएको आकलन हुने गरिएको छ ।

अर्कातिर, मधेश आन्दोलनका क्रममा ओली मधेशप्रति पूर्वाग्रही भएकाले पनि उनको छवि कमजोर भएको तर्क प्रस्तुत गरिने गरिन्थो । तर,

*बाँकी अन्तिम पृष्ठमा*

### भारतबाट पाँच दलका नेता आउने

**काठमाडौं ।** नेकपा एमालेको दसौं महाधिवेशनमा आतिथ्य ग्रहण गर्न भारतबाट विभिन्न पाँच दलका नेता आउने भएका छन् । भारतबाट पूर्वस्वास्थ्यमन्त्री तथा भारतीय जनता पार्टीका नेता हर्षवर्द्धनको नेतृत्वमा एउटा टोली आइसकेको छ ।
त्यस्तै भारतबाटै अन्य ४ राजनीतिक दलका प्रतिनिधि पनि आउने भएका एमाले विदेश विभागका प्रमुख डा. राजन भट्टराईले बताएका छन् । चीनबाट भने चिनियाँ कम्युनिष्ट पार्टीका नेताहरूले भिडियो सन्देश मात्रै पठाउने भएका छन् । महाधिवेशनमा सहभागी हुन आठ देशबाट १५ जना प्रतिनिधि आउने पक्का भएको छ ।

## रघुवीर र प्रभु भिड्दै



रघुवीर महासेठ



प्रभु साह

काठमाडौं । एमालेको प्रदेश २ का दुई नेताहरू रघुवीर महासेठ र प्रभु साह अध्यक्ष केपी ओली निकट हुन् । तर ती दुवै नेताहरू एमालेको १० औं महाधिवेशनमा सचिव पदका आकांक्षी देखिएका छन् ।
एमालेको केन्द्रीय महाधिवेशनमा प्रदेश २ बाट दुई दर्जनभन्दा बढी आकांक्षी नेताहरूको नाम चर्चामा छ । सबैभन्दा बढी चर्चा भने रघुवीर महासेठ र प्रभु साहको छ । यी दुई नेता सचिवमा भिड्ने योजनामा छन् । महासेठ धनुषाबाट प्रतिनिधित्व गर्छन् भने साह रौतहटबाट । प्रदेश २ बाट महासेठलाइ साहले चुनौती दिने देखिएपछि ओलीलाई दुई मध्ये एकलाई रोज्न समस्या हुने देखिएको छ ।
पछिल्लो एक दशकमा सांसद हुँदै उपप्रधानमन्त्रीसम्मको यात्रा गरेपछि एमालेभित्र महासेठको कद बढ्दै गइरहेको छ ।
प्रभु साह पनि मधेशको राजनीतिमा ठूलै नाम हुन् । उनी माओवादीको १० वर्षे सशस्त्र जनयुद्धमा सक्रिय रहे ।

*बाँकी अन्तिम पृष्ठमा*

# 'मधेशले विकास र समृद्धिको आशा एमालेबाटै गरेको छ'



**ज्वाला कुमारी साह**
**केन्द्रीय सदस्य**

महाधिवेशनलाई हामीले नया उचाइका साथ हेरेका छौं । महाधिवेशनले प्रदेश २ का आम जनतामा खुशीयाली छाएको छ । जनतामा उत्साह छाएको छ । यो नमूना र एकताको महाधिवेशन हो । यसले राष्ट्रिय राजनीतिमा एमाले सबल पार्टी हो भन्ने राम्रो सन्देश दिनेछ भने देश चलाउन ऊर्जा पनि प्रदान गर्नेछ । मधेशको सन्दर्भमा एमालेप्रति आकार्षण बढेको छ ।



**कृष्ण कुमार गुप्ता**
**एमाले प्रदेश २ कमिटि सदस्य**

पार्टीको १० औं राष्ट्रिय महाधिवेशन मधेशी समुदायको हक र हितका लागि महत्वपूर्ण छ । समावेशी समानुपातिक प्रतिनिधित्वका लागि पार्टीको हरेक निकायमा मधेशीको पहुँचका लागि हामी तत्पर छौं । विगतमा एमालेलाई जसरी मधेश विरोधी भनिन्थ्यो, यो महाधिवेशनले त्यसलाई तोड्दै अगाडि बढ्छ । त्यतिमात्र होइन, पार्टीले आफ्ना सब अंगहरूमा मधेशीलाई समावेश गर्छ । मधेशीको प्रतिनिधित्व अब बढनेछ ।



**सञ्जीव कुमार झा सुरज**
**एमाले महाधिवेशन प्रतिनिधि**

केपी ओली नेतृत्वको सरकारले मधेशको विकास र समृद्धिको विषयमा थुप्रै निर्णय गरेको छ र कतिपय कार्यान्वयन पनि भएको । त्यस सन्भर्दमा यस महाधिवेशनले ओली सरकारका विगतका सबै निर्णयलाई साकार पार्ने प्रयास गर्नेछ । ओलीले विकास र समृद्धिका लागि उठाएका कदमहरूलाई महाधिवेशनमा अनुमोदित हुन्छ । यो महाधिवेशनले हामीलाई थप उर्जाका साथ अगाडि बढ्न प्रेरित गर्छ । मधेशले विकास र समृद्धको आशा एमालेबाटै गरेको छ । अब एमालेमा मधेशी प्रतिनिधित्व पनि बढने छ । अहिले नै केन्द्रमा मधेशीको प्रतिनिधित्व पनि छ ।



**शम्भु साह**
**नेता, एमाले**

गौरवशाली पार्टी एमालेको महाधिवशेनबाट तराइ-मधेश, पहाड र हिमाल अहिले एमालेमय भएको छ । यस पटक प्रष्ट भिजन र दृष्टिले नेतृत्व चयन हुनेछ । महाधिवेशनको बन्द शत्रमा मधेशको विषयमा छलफल हुन्छ । एमालेलाई मधेश विरोधीको जुन ट्याग लागेको थियो, यो महोधिवेशनले यसलाई हटाउन सफल हुन्छ । महाधिवेशनमा मधेशबाट यसपटक राम्रो उपस्थित हुनेछ । पार्टीको सचिव पदमा प्रदेश २ का इन्चार्ज रघुबीर महोसेठ तथा लालबाबु राउतलगायतका नेताको उम्मेदवारी पर्ने सबल सम्भावना छ ।



**जानी खान**
**युवा नेता**

यो महोधिवेशन मात्र होइन, नेपाली जनताको कुम्भ मेला हो, चाडपर्व पनि हो । महाधिवेशन पार्टीको लागि मात्र नभई देशकै मुहार परिवर्तन गर्ने थलो बनेको छ । अहिले नेपालको समद्धिको नायक केपी ओली मात्र हुन । देशलाई विकासको बाटोमा लैजाने भिजनयुक्त नेता ओली नै हुन । उनकै नेतृत्वमा एमाले अन्तर्राष्ट्रिस्तरमा पनि चिनिएको छ । मधेशमा अहिले एमालेको जनलहर आएको छ , । आफ्नो कमजोरी लुकाउन विगतमा अन्य दलका नेताहरूले एमालेलाई मधेश विरोधी त भने तर जनताले उनीहरूको कुरा पत्याउन सकेनन् । मधेशका जनतालाई ओलीप्रति नकारात्मक दृष्टिकोण बाट देखाइएको थियो । यो असत्य हो भने जनताले बुझिसके ।

## युवा, कलाकार र विद्यार्थीहरूको महत्वपूर्ण भूमिका : ठाकुर




काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले नेपाल र भारतको साझा सांस्कृतिक सम्पदा र दुई देशबीचको मित्रतापूर्ण सम्बन्धबारे धारणा राखेका छन् ।
आइतबार डीएभी सुशील केडिया विश्व भारती स्कूल, काठमाडौं र संस्कृति भारतको सहकार्यमा स्वामी विवेकानन्द सांस्कृतिक केन्द्र, भारतीय राजदूतावास, काठमाडौंले आयोजना गरेको नेपाल-भारत अन्तर्राष्ट्रिय मैत्री कन्सर्टमा अध्यक्ष ठाकुरले दुई देशबीचको मित्रता र सम्बन्धबारे चर्चा गरेका हुन् ।
अध्यक्ष ठाकुरले भारत र नेपालको साझा सांस्कृतिक सम्पदा र मित्रतापूर्ण छिमेकीहरूबीचको सदियौं पुरानो सम्बन्धलाई प्रवर्द्धन र संरक्षण गर्न

*बाँकी अन्तिम पृष्ठमा*

## विमलेन्द्र निधिले मंसिर २१ गते सभापतिका लागि उम्मेदवारी दिने



काठमाडौं । नेपाली कांग्रेसका उपसभापति विमलेन्द्र निधि पार्टीको १४ औं महाधिवेशनमा सभापति पदमा उम्मेदवारी दिने भएका छन् । मंसिर २१ गते सभापतिका लागि मनोनयन दर्ता गर्ने निधिले बताए । 'मंसिर २१ मा सभापतिका लागि उम्मेदवारी दिँदै मनोनयन दर्ता गर्छु,' बानेश्वरमा उम्मेदवारी घोषणा तथा प्रतिवद्धता पत्र सार्वजनिक गर्दै निधिले भने, '१३ औं महाधिवेशनमा उठ्नुभएका नेताहरू शेरबहादुर देउवा, रामचन्द्र पौडेल र कृष्णप्रसाद सिटौला यसपालि नउठिदिए राम्रो ।' कांग्रेसले मंसिर २१ मा केन्द्रीय सदस्य र पदाधिकारीका लागि उम्मेदवारी दर्ता गर्न समय दिएको छ । कांग्रेसले यही मंसिर २४ देखि २६ गतेसम्म १४ औं महाधिवेशन काठमाडौंमा गर्दैछ । आफू सभापतिमा उम्मेदवारी दिने र आफूलाई सभापतिदेखि वरिष्ठ नेताहरूले समर्थन गर्दा राम्रो हुने निधिले बताए । 'सभापति देउवा र वरिष्ठ नेता पौडेलले सभापतिमा उम्मेदवारी दिनुभएन भने हामी उहाँहरूलाई सर्वोच्च नेताका रूपमा राख्छौं । उहाँहरूले नै भनेअनुसार पार्टी चलाउँछौं,' निधिले भने । उनले पार्टीमा नेतृत्व हस्तान्तरण तथा पुस्तान्तरणका एजेन्डासमेत प्राथमिकताका साथ अगाडि सारेका छन् । सभापतिमा उठ्नेबारे आफूले पटकपटक सभापति देउवा र अन्य सभापतिका आकांक्षी नेताहरूलाई जानकारी गराइसकेको पनि निधिले बताए ।

**(निधिको प्रतिवद्धता र योजनापत्र पृष्ठ ४ मा)**

## जसपा प्रदेश १ उपाध्यक्षमा युवानेतृ साह



काठमाडौं । सामाजिक अभियन्ता तथा युवानेतृ हंसा साहलाई जनता समाजवादी पार्टी नेपालको प्रदेश नम्बर १ को उपाध्यक्ष पदमा मनोनयन गरिएको छ । राजनीतिक तथा सामाजिकरूपमा अत्यन्तै सक्रिय युवानेतृ साहको राजनीतिक पृष्ठभूमि पनि स्वच्छ र इमान्दार रहँदै आएको छ । प्रष्ट वक्ताकोरूपमा समेत परिचित युवानेतृ साहलाई प्रदेश नं. १ को उपाध्यक्ष जस्तो पदमा जसपाले मनोनित गर्दा उनका समर्थकहरू निकै हर्षित र खुशी व्यक्त गरेका छन् ।
मंगलबार जसपाको इटहरीस्थित प्रदेश कार्यालयमा पूर्व समाजावादी पार्टी र पूर्व राष्ट्रिय जनता पार्टीबीच प्रदेश १ मा सम्पन्न समायोजनले प्रवीण चाम्लिङको अध्यक्षतामा जसपा प्रदेश समिति, प्रदेश नम्बर १ को १ सय ३३ सदस्सीय समिति घोषणा गरेको हो । पूर्व समाजवादीतर्फबाट १ सय १८ र पूर्व राजपातर्फबाट १५ जना गरी १ सय ३३ सदस्यीय समितिमा अध्यक्ष बाहेक समाजवादीका १० र राजपाका ४ पदाधिकारी छन् ।

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# एमालेको १० औं महाधिवेशन

प्रमुख विपक्षी नेकपा एमालेको १०औं महाधिवेशन आज शुक्रबार चितवनमा हुँदैछ । महाधिवेशन मंसिर १२ गतेसम्म हुनेछ । महाधिवेशनको उद्घाटनसत्र नारायणगढको नारायणी नदी किनार र बन्दसत्र सौराहाको होटल सेभेन स्टार परिसरमा हुने छ । महाधिवेशनले २२५ सदस्यीय नयाँ नेतृत्व चयन गर्ने छ ।

संघीयसहित सम्पूर्ण प्रदेश सरकारबाट समेत बाहिरिएको एमाले अझै पनि मुलुकको सबैभन्दा ठूलो दल रही आएको छ । त्यति मात्र होइन, एमालेले नेपालको संगठित तथा सुदृढ राजनीतिक पार्टीको हैसियतसमेत बोकेको छ/ । विगतमा संगठनको व्यवस्थापन तथा कमिटी प्रणालीमा समेत एमाले उत्कृष्ट पार्टी थियो/ । यस दृष्टिकोणले १० देखि १२ मंसिरसम्म चितवनमा हुनगइरहेको एमालेको राष्ट्रिय महाधिवेशनको चौतर्फी महत्व तथा सार्वजनिक चासो रहेको देखिन्छ ।

२७ कार्तिकमा सम्पन्न भएको एमालेको महाधिवेशनका लागि विभिन्न भूगोलबाट प्रतिनिधित्व गर्नेहरूको चयनबाट एमालेको महाधिवेशनबाट आउने भावी नेतृत्वको स्वरूप आकलन गर्न थालिएको छ/ । प्रतिनिधिहरूको चयनपश्चात् पार्टीमा अध्यक्ष केपी ओलीको शक्ति थप बलियो भएको छ/ । यद्यपि, स्वयं अध्यक्ष ओलीका अगाडि नेतृत्व चयनलाई लिएर अनेकौं चुनौतीसमेत खडा भएका छन् ।

कुनै पनि दलको महाधिवेशन उक्त दलका कार्यदिशा, विचार र कार्यक्रमलाई रोडम्यापका रूपमा लैजाने साधन हो ।

महाधिवेशनबाट एमालेले जनताको सपना साकार गर्ने योजना र बाटोसमेत तय गर्नुपर्छ । सघन सकारात्मक सुधार र वैज्ञानिक प्रगतिशीलता

**अन्तर्विरोधविहीन पार्टीको कल्पना त कुनै कम्युनिस्टले गर्नै सक्दैन । एउटा महाधिवेशनबाट एमाले नेतृत्वको खुबी परीक्षण हुन्छ । पार्टी सत्ताको प्रयोग पार्टीभित्रका अन्तर्विरोध चर्काउन गर्ने कि समाधान गर्नका लागि ? यो अहिलेको अहम् प्रश्न हो ।**

ल्याउनुपर्छ । तत्कालीन आवश्यकता र दीर्घकालीन विकासका छुट्टाछुट्टै आयोजनाहरूको सूची निर्माण गर्नुपर्छ । नागरिकप्रति पूर्ण समर्पित राजनीतिक संस्कार निर्माण गर्नुपर्छ । समग्रमा एमालेले महाधिवेशनबाट नयाँ बाटो कोर्नुपर्छ ।

पछिल्लो समय केपी शर्मा ओलीमा भएको नेतृत्व कौशल र सशक्त क्षमताका कारण पार्टीमा जनआकर्षण अत्यधिक बढेको छ । तर उनको सवालअनुसारको जवाफी रोचक घोचक प्रतिवादलाई अतिशयोक्तिपूर्वक दुष्प्रचार गरिएको पाइन्छ । एमालेका अधिकांश पार्टी नेतृत्वमा सामन्तवादी तथा पुँजीवादी विकृत संस्कृतिले गाँजेको छ ।

२०१७ सालमा प्रतिपक्षी शक्ति कमजोर हुँदा २००७ सालमा प्राप्त प्रजातन्त्र जोगाउन सकिएन । नेपाली कांग्रेसको नेतृत्वमा कम्युनिस्ट फोबिया व्याप्त रहेकाले प्रजातन्त्रको बहाली गर्ने पुष्पलालको संयुक्त आन्दोलन गर्ने प्रस्ताव अस्वीकार्य भयो । जब स्वीकार्य भयो तब नेपालमा प्रजातन्त्र बहाली भयो । यस मानेमा ओलीले भनेझैं एमाले नहुँदो हो त अहिले पनि देशमा २०१७ सालको जस्तै प्रतिगामी कदम चलिसक्थ्यो । भनिन्छ अध्यक्ष केपी ओली विवादको जड नै विभाजन भएर बनेको नेकपा (एकीकृत समाजवादी) र त्यसका नेता थिए । अतः जब ती बाहिरिए अबको महाधिवेशनपछि एमाले विवादरहित पार्टी बन्नेछ भन्ने भाष्य निर्माण गर्न खोजिदै छ । योभन्दा अवैज्ञानिक र अमार्क्सवादी सोच अरू कुनै हुन सक्दैन । पार्टी भएपछि त्यसमा विचार समूहहरू हुन्छन् नै । तिनीहरूमाझमा मतमतान्तर पनि हुन्छ । अन्तर्विरोधविहीन पार्टीको कल्पना त कुनै कम्युनिस्टले गर्नै सक्दैन । एउटा महाधिवेशनबाट एमाले नेतृत्वको खुबी परीक्षण हुन्छ । पार्टी सत्ताको प्रयोग पार्टीभित्रका अन्तर्विरोध चर्काउन गर्ने कि समाधान गर्नका लागि ? यो अहिलेको अहं प्रश्न हो । तर, यतिवेला सर्वसम्मतिलाई उच्चतम लोकतान्त्रिक अभ्यास हो भन्ने भाष्य निर्माण गर्नु केपीजीको आवश्यकता र बाध्यता दुवै हो ।

# नेतृत्वले एमसीसीको भ्रम चिर्नुपर्छ

**एमसिसीको विरोधमा कम्युनिष्ट पृष्ठभूमिका नेताहरू देखिन्छन्, अर्कातिर अहिलेको राजनीतिक प्रणालीसँग नाखुस राजावादीहरूले कम्युनिस्टहरूसँगै काँधमा काँध मिलाएका छन् । एमसिसीको चर्को र उत्तेजनापूर्ण विरोध गर्ने अर्को समूह संघीयता विरोधी हुन् । यी समूहहरू नबुझेर वा लोकतन्त्र विरोधी, अमेरिका विरोधीजस्ता अन्यत्रै शक्तिबाट सञ्चालित र प्रायोजित हुन सक्छन् । यसबारे सरकार र प्रमुख राजनीतिक दलका नेताहरू चनाखो हुन जरुरी छ ।**



सन्तोष मेहता

पाँच जना दृष्टिविहीनहरूले हात्तीलाई छामेर उक्त बस्तुबारे आआफ्ना अनुमान लगाए, कसैले नाङ्लो, कसैले सर्प, कसैले खम्बा, कसैले भित्ता आदि आदि बुझेछन् । झण्डै तीन वर्षदेखि एमसिसीबारे जे जति बहस भएको छ, यसले अन्तर्राष्ट्रिय जगतमा र नेपाली समाजमै नेपाललाई देशको रूपमा हल्का र मजाकको विषय बनाइदिएको छ । राजनीतिज्ञ हुन् वा अरू जोसुकै, एमसिसीको विरोध सुन्दा/पढ्दा दृष्टिविहीनले हात्ती छामेको कथा याद आउँछ । कतिपय टिप्पणी र फेसबुके, युटुबे अवधारणाहरू सुन्दाबुझ्दा लाग्छ कि उनिहरू कतैबाट प्रचालित छन । धेरै टिप्पणीकारले दस्तावेज अध्ययन गरेकैमा शंका हुन्छ । पढेकाले पनि आफूअनुकूल अर्थ्याउने गरेका छन् । बिगत ७० बर्ष देखि अमेरिकाले गरेको सहयोग, म स्वम अमेरिकी कुटनैतिज्ञसङ्गको उठबस र बातचित, एमसिसी सङ्ग सम्बन्धित दस्तावेज अध्यन गर्दा तथा अन्तर्राष्ट्रिय दातृनिकायसँग ऋण तथा अनुदान सम्झौता आदि समेत बुझ्दा अब सामाजिक सञ्जालमा गाली खाइएला भनेर चुपचाप बस्न सकिएन । म एमसिसिको पक्षमा कलम चलाउन बाध्य भए । नेपाल जस्तो देश जहाँ राजस्वले देशको चालू खर्च धान्न धौधौ परिराखेको मुलुकका लागि झन्डै ६० अर्ब रूपैयाँको अनुदान उल्लेख्य हो । तर एमसिसीको सम्झौतामा हुँदै नभएका प्रावधान छ भन्दै यति भ्रम फैलाइएको छ, जसले गर्दा आमनागरिकमै संशय पैदा गरेको छ । खासगरी, सामाजिक सञ्जालमार्फत गाउँ-गाउँसम्म भ्रम पुर्‍याइएको छ । एमसिसी अनुमोदन गर्नुपूर्व आमनागरिकमा सिर्जित संशय दूर गर्नु नै बुद्धिमतापूर्ण हुनेछ । प्रमुख राजनीतिक दलहरू एमसिसिलाइ लिएर विपक्षमा आगामी स्थानीय र आमचुनावको प्रमुख मुद्दा यसैलाई बनाउने दाउ पनि राखेका छन । र राष्ट्रवाद प्रती इमोस्नल लगाव रहेको सोझा जनतालाई झुक्याएर चुनावी फाइदा तिनले लिने सम्भावना छ, जसले नागरिकलाई भ्रमित पार्न गर्नुसम्म गरेका छन्, गर्छन् । सत्तामा हुँदा एमसिसी अनुमोदन गराउन मरिहत्ते गर्ने नै विपक्षमा पुगेपछि विरोधमा देखिनुले यसको राजनीतीकरणको पराकाष्ठा उदांगिएको छ । तसर्थ कतिन्जेल भ्रमको खेती गर्ने जब जनता बुझ्दै जान्छ कतैबाट प्रायोजित भएर वा कुनै दुराग्रह राखेर विरोध गर्नेको स्वर पनि मत्थर हुनेछ ।

**अमेरिका किन सहयोग गर्न खोज्दै छ त ?**

विश्वकै कुल गार्हस्थ्य उत्पादन ( जिडिपी) कुल ८६ ट्रिलियन डलरको विश्व अर्थतन्त्रको खर्लप्पै एकचौथाइभन्दा बढी आकारको अर्थतन्त्र अमेरिकाको रहेको छ । तर त्यत्रो अर्थतन्त्र भएर के भयो, विश्वको गरिबी न्यूनीकरणमा भूमिकै भएन भनेर अमेरिकामाथि अन्तर्राष्ट्रिय आलोचना बढ्दै गएको परिप्रेक्षमा अमेरिकी सरकारले सन् २००४ मा एमसिसी ( मिलेनियम च्यालेन्ज कर्पोरेसन) स्थापना गर्‍यो । युरोप, अमेरिकाले आफ्नो अर्थतन्त्रको ०.७ प्रतिशत अन्तर्राष्ट्रिय सहयोग गर्नेगरेको रहेछ । यसै परिस्थितिमा दुई सय २० खर्ब (२२ ट्रिलियन) डलरको अर्थतन्त्र भएको अमेरिकाको सहयोग विगतमा विश्वभरी विभिन्न माध्यमबाट विभिन्न योजना तहत सैन्य तथा सामरिक क्षेत्रमा केन्द्रित रहँदै आयो । तर एमसिसी स्थापना गरिबीको मारमा रहेका राष्ट्रहरूमा आर्थिक बृद्धिका माध्यमबाट गरिबी निवारणमा सघाउनु लक्ष्य भनिएको छ । सहयोग दिन एमसिसीले सूचक बनाएको छ । सूचकअनुसार न्यूनतम योग्यता पुर्‍याएपछि योग्य हुनेरहेछ । प्रारम्भ देखि नै बिकासको साझेदार नेपाल पनि प्राथमिकतामा परेर योग्यता पुर्‍याएर छनोट भएको हो । एमसिसीसँग २०१७ मा सम्झौता भई नेपालले ५०० मिलियन (५० करोड) डलर अनुदान प्राप्त गर्न लागेको छ । कार्यक्रमअन्तर्गत ३०० किलोमिटर ट्रान्समिसन लाइन (जसमा बुटवलदेखि भारतको ट्रान्समिसन लाइन जोड्ने समावेश छ), तीनवटा सबस्टेसन, ७० किलोमिटर सडकको मर्मत-सम्भार र केही प्राविधिक सहयोग समावेश छन् । कार्यक्रम सञ्चालनमा नेपाल सरकारले पनि १३० मिलियन (१३ करोड) डलर फन्ड विनियोजन गर्नुपर्ने हुन्छ । कार्यक्रम सञ्चालनका लागि मन्त्रिपरिषद्को निर्णयअनुसार एमसिए-नेपाल खडा गरिएको छ, जसले नेपाल सरकारको निकायको रूपमा काम गर्छ ।

**एमसिसीबारे भ्रम र वास्तविकता के हुन त ?**

एमसिसीबारे फैलिएका भ्रममध्ये मुख्यत एमसिसीमार्फत अमेरिकी सेना नेपाल छिर्छ । त्यसैगरी एमसिसीको व्याख्यामा विवाद भए विवादको निरूपण अमेरिकी कानुनअनुसार हुने र प्रसारण लाइन निर्माणमा भारतको पूर्वसहमति चाहिने कुरा प्रावधानले हाम्रो सार्वभौमसत्तामा आँच पुग्न जानेछ । र एमसिसीबाट प्राप्त रकमको खर्चको लेखापरीक्षण अमेरिकी सरकारले गर्ने प्रावधान अनुचित छ । आदि । तर यथार्थ अर्कै छ, अमेरिकाले बिश्वमा जहाँ जहाँ शैनिक क्याम्प बनाए ती सबै दोस्रो विश्वयुद्ध ताका वा कुनै न कुनै युद्धपछि स्थापना भएका हुन् । कुनै पनि क्याम्प अमेरिकाले गरिबी न्यूनीकरणमा सघाउन खडा गरेको होइन । एमसिसीको दुवै दस्तावेजमा सैनिकीकरणका शब्द उल्लेख छैन । बरू, दस्तावेजमा 'एमसिसीबाट प्राप्त सहयोग मिलिटरी, पुलिस, मिलिसिया, नेसनल गार्ड र अन्य अर्धमिलिटरी संगठन वा युनिटलाई सहयोग वा तालिम दिनमा खर्चन पाइनेछैन' उल्लेख छ । तैपनि, नेपालमा अमेरिकी सैनिकको बेस स्थापना हुन्छ भनेर स्यालहुँइया चलाइएको छ । नेपाल सरकारले ऋण सहयोग लिदै आएको अन्तर्राष्ट्रिय वित्तीय निकाय (विश्व बैंक, एसियाली विकास बैंक आदि)सँग भएका सम्झौता-सम्झौताको व्याख्या वा विवादको निरूपण अन्तर्राष्ट्रिय कानुनअनुसार हुने गरेको सहमति भएको हुन्छ । एमसिसीको सम्झौता अन्तर्राष्ट्रिय सम्झौता भएकाले, नेपाल र एमसिसीको सम्झौतामा यही अन्तर्राष्ट्रिय प्रचलन अनुसरण गरिएको छ । सम्झौतामा कहीँकतै अमेरिकी कानुनबमोजिम व्याख्या वा विवाद निरूपण हुने भनी लेखिएको छैन । कार्यक्रम सञ्चालनका लागि आवश्यक काम, वस्तु वा सेवा खरिद एमसिसीको खरिद निर्देशिकाबमोजिम हुनेछ भन्ने प्रावधान सम्झौतामा छ । हाम्रो सार्वजनिक खरिद ऐनको दफा ६७ मा 'यस ऐनमा जेसुकै लेखिएको भए तापनि नेपाल सरकार र दातृपक्षबीच भएको सम्झौताबमोजिम सो पक्षको खरिद निर्देशिकाअनुरूप खरिद गर्नुपरेमा यो ऐनबमोजिमको खरिद प्रक्रिया अपनाउनुनपर्ने' भनी बाधाअड्काउ फुकाइएको छ । विदेशी सहयोग लिन थालेदेखि नै यही अभ्यास भइरहेको छ । अरू ठाउँ निकायमा राष्ट्रघात नहुने तर एमसिसीमा चाहिँ किन राष्ट्रघात भयो । एमसिसीअन्तर्गत एउटा प्रमुख काम बुटवलदेखि भारतसम्म अन्तरदेशीय ट्रान्समिसन लाइन निर्माण हो । अनि भारतको ट्रान्समिसन लाइनसँग जोड्ने काम भारतको सहमतिविना सम्भव छ र ? भारतको पूर्वसहमति आवश्यक छ भनी सम्झौतामा उल्लेख नगरेको भए पनि कार्यान्वयनका लागि भारतको पूर्वसहमति अनिवार्य हुन्थ्यो । जुन विषय अनिवार्य छ र तर्कसंगत पनि, आपत्ति जनाउनुचाहिँ भ्रम हो । त्यसैगरी लेखापरीक्षणको हकमा एमसिसीबाट प्राप्त रकमको खर्चको लेखापरीक्षण अमेरिकी सरकारले होइन, एमसिसीले अनुमोदन गरेको स्वतन्त्र लेखापरीक्षकबाट गरिने प्रावधान मिलेनियम च्यालेन्ज कम्प्याक्टको सेक्सन ३.२ मा उल्लेख छ । यही सेक्सनमा 'यो प्रावधानले नेपालको माहालेखा परीक्षक एमसिए नेपालको लेखापरीक्षण गर्नबाट वञ्चित हुनेछैन' लेखिएको छ र अहिले पनि भएगरेको खर्च आदिको महालेखा परीक्षकको कार्यालयले हरेक वर्ष लेखापरीक्षण गर्दै पनि आएको छ ।

एमसिसिको विरोधी को हुन त ?

एमसिसीको विरोधमा कम्युनिष्ट पृष्ठभूमिका नेताहरू देखिन्छन्, अर्कातिर अहिलेको राजनीतिक प्रणालीसँग नाखुस राजावादीहरूले कम्युनिस्टहरूसँगै काँधमा काँध मिलाएका छन् । एमसिसीको चर्को र उत्तेजनापूर्ण विरोध गर्ने अर्को समूह संघीयता विरोधी हुन । यी समूहहरू नबुझेर वा लोकतन्त्र विरोधी, अमेरिका विरोधीजस्ता अन्यत्रै शक्तिबाट सञ्चालित र प्रायोजित हुन सक्छन् । यसबारे सरकार र प्रमुख राजनीतिक दलका नेताहरू चनाखो हुन जरूरी छ । यसरी आमनागरिकमा पर्न गएको संशयलाई लोकतन्त्र, खुल्ला अर्थतन्त्रमा बिश्वास राख्ने प्रमुख राजनीतिक दलहरू अब एकमत दूर गर्न सक्नुपर्छ ।

*(मेहता लोसपाका नेता हुन् ।)*

# प्रदेश २ मा एकल बहुमतको सरकार बनाउँछौं : लोसपा नेता सोनल

बारा । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका केन्द्रीय कार्यकारिणी समिति सदस्य तथा प्रदेश नं. २ का संसदीय दलका नेता जितेन्द्र सोनलले प्रदेश २ मा एकल बहुमतको सरकार बनाउने बताएका छन् ।

बाराको कलैयामा शुक्रबार आयोजित एक कार्यक्रममा नेता सोनलले लोसपालाई प्रदेश २ कै सबैभन्दा ठूलो दल बनाई एकल बहुमतको सरकार बनाउने दाबी गरेका हुन् ।



प्रदेश २ को पूर्वमन्त्रीसमेत रहेका सोनलले कार्यकर्ताहरूलाई आगामी तिनै तहको निर्वाचन जित्ने लक्ष्यका सांथ अगाडि बढ्न निर्देशनसमेत दिएका छन् ।

उनले भने, 'मधेशको मुद्दालाई लोसपाले नै अगाडि बढाउँछ र अधिकार प्राप्तिको आन्दोलनलाई लक्ष्यसम्म पुर्‍याउँछ ।'

उनले नेता कार्यकर्तालाई निर्देशन दिँदै भने, 'जनताको बीचमा पुगि पार्टीको नीति सिद्धान्तको बारेमा बुझाऔं । अधिकारको लडाईं अहिले बांकि नै छ । मुद्दाको किनारा नलागुन्जेल हामी तयार भएर बस्नु पर्छ ।' उनले जनतालाई पार्टीसँग जोड्न नीति र सिद्धान्तहरूको बारेमा जानकारी दिनका लागि गाउँ-गाउँमा पुग्न कार्यकर्ताहरूलाई निर्देशन दिएका हुन् ।

आगामी निर्वाचनमा पार्टीलाई प्रदेशकै ठूलो र स्थानीय निकायमा सबैभन्दा बढी सिट जित्ने अभियानका साथ जनताको घरदैलोमा जान आग्रह गरेका थिए ।

प्रशिक्षण कार्यक्रममा सञ्जय यादव, पिंकी यादव, जयप्रकाश साह, श्याम गुप्ता, डा.कमरूल्लाह अंसारी, सर्फुल्लाह अंसारी, परमहंश केशरी, संतोष पटेल लगायत उपस्थित थिए ।

# जसपा र लोपसा अहिलेकै अवस्थामा चुनावमा गए गम्भीर क्षति व्यहोर्छन्

**उपेन्द्र यादवजी एउटा-दुई जातिको समीकरण बनाएर आफूलाई शुभचिन्तक देखाएर लामो समयदेखि राजनीति गरिरहनुभएको छ। त्यसको विकल्पमा महन्थ ठाकुर र राजेन्द्र महतोजीहरू पनि अर्को प्रतिस्पर्धी जातिलाई आफ्नो संगठनमा हुल्ने कामहरू गरिरहनुभएको छ। यो पनि एउटा मुख्य मुद्दा हो जसले पार्टीको जनाधारलाई प्रयोग गर्छ। यदि सीके राउतजी निरपेक्ष राजनीतिक मुद्दामा मात्रै अगाडि जानुभएको छ भने यी कुराहरूलाई बिर्सिन हुँदैन जस्तो लाग्छ।**



**जयप्रकाश गुप्ता**
**संयोजक, तराई मधेश राष्ट्रिय अभियान**

**० मधेशमा अहिले राजनीतिक दलहरूले दिनहुँ विभिन्न कार्यक्रमहरू गर्दै छन्, सबै दलहरू अहिले मधेशमा केन्द्रित भएको देखिन्छ । तपाईं यसलाई हेरिरहनुभएको छ ?**

– अहिले प्रमुख पार्टीहरूमा नेपाली कांग्रेस आफ्नो १४औं महाधिवेशनको तयारीमा लागेको छ। नेकपा एमाले आफ्नो १०औं महाधिवेशनमा लागेको छ। साथसाथै नेकपा (माओवादी केन्द्र) पनि आफ्नो अधिवेशनहरूको तयारीमा लागेको छ। मुख्यरूपले यी पार्टीहरूको अहिले घमाशान संगठनात्मक निर्वाचनहरू सुरू भएको छ। यी तीनटा पार्टीहरूको गतिविधिहरू देशव्यापीरूपमा सबै जिल्लामा अहिले सञ्चालित छन्। यसको साथै राष्ट्रिय प्रजातन्त्र पार्टी पनि आफ्नो अधिवेशनको तयारीमा अगाडि बढेको छ। मधेशमा खासगरी उपेन्द्र यादवजीको पार्टी जसपा अहिले सुज अभियान चलाइरहेको छ।
जसपाको अधिवेशन नभएपनि सबैतिर कार्यक्रमहरू भइरहेको देखिन्छ। यस्तै महन्थ ठाकुर र राजेन्द्र महतोजीको पार्टी लोसपा पनि आफ्नो संगठनलाई सुदृढ गर्नका लागि विभिन्न प्रकारका संगठनात्मक क्रियाकलापहरू गरिरहेको देखिन्छ। यसो हेर्दा नेपालका मूलधारका पार्टीहरू धरातलीयस्तरमा आफ्नो कार्यक्रम गरिरहेका छन्। यसले गर्दा आमजनता परिचालित नभएपनि कार्यकर्ताहरू बृहत्रूपमा परिचालित भएको देखिन्छन्। मधेशका चिया पसल, खाजा पसल, चौक चौराहाहरूमा अहिले यिनै कुराहरूको चर्चा भइरहेको छ। राजनीतिक माहौल गरम छ। कांग्रेसभित्र जुन प्रकारको गुटबन्दी देखिएको छ, यसमा कुन गुटले अर्को गुटलाई उछिन्ने। एमालेमा त त्यस्तो अवस्था छैन। तथापि ओली एमालेमा कति शक्तिशाली भएर आउने हुन्। माओवादीको संगठन धरातलीय यथार्थ धेरै कमजोर भएको छ। त्यसकारण उनीहरू पनि आफ्ना कार्यकर्ताहरूलाई कसरी बचाउने हुन् भन्नेमा लागेको देखिएको छ। यस्तै मधेशका दुईटा पार्टीहरू जसपा र लोसपा आफ्ना कार्यकर्ताहरूलाई कसरी बचाउने, अर्को कार्यकर्तालाई कसरी प्रभावित गरी आफ्नो तर्फ ल्याउने। ती सबै कारणले गर्दा मधेशमा एकदमै जतातै राजनीतिका कुराहरू भइरहेका छन्। अहिले यस्तो लाग्छ कि यदि कोही व्यक्ति यसमा सरोकार राखेको छैन भने त्यो एउटा असामाजिक व्यक्ति हो वा त्यसको राजनीतिक हाँगाबिँगा केही होइन भन्ने देखिन्छ। यी महाअधिवेशनहरूपछि पार्टीहरूले मूल्यांकन गर्नेछन् कि यो महाअधिवेशनले गर्दा हामी बलियो भयौं कि हामीलाई अझ कमजोर गऱ्यो।

**० मधेशमा राजनीतिक दलहरूको गतिविधिले चुनावी अभियान सुरू भएको हो भन्ने लाग्दैन ?**

– मैले मधेशमा बसेर अनुभव गरेको कुरा के हो भने वर्तमान स्थितिमा सरकारले डिलेभरी दिन सक्दैन अर्थात् सरकारले जनअपेक्षाहरूलाई पूरा गर्न सक्दैन भन्ने स्थिति छैन। यी राजनीतिक पार्टीहरू आफ्नो संगठनात्मक महाधिवेशन सम्पन्न गरेपछि देशले निर्वाचनको बाटोमा हामफाल्छ अर्थात् निर्वाचनको बाटोमा देश अगाडि बढ्छ भन्ने आममानिसको बुझाइ छ। फेरि दुईटा कुराले यसलाई पुष्टि पनि गरेको छ। जस्तै, स्थानीय तहको पदावधि लगभग समाप्त हुन लागिसक्यो र निर्वाचन आयोगले पनि स्थानीय तहको निर्वाचन तयारी थालेको समाचारहरू आइरहेका छन्। मंसिर १७ गतेदेखि मतदाता नामावली संकलनलगायत कार्यले गर्दा आममानिसको बुझाइले पुष्टि पाएको छ कि देश अब निर्वाचनको बाटोमा अघि बढिसक्यो।
मधेशमा डा.सीके राउत नेतृत्वको जनमत पार्टीले पनि आफ्नो गतिविधिहरू बढाएको छ। उनीहरूले आफ्नो चुनाव चिन्हलाई नै लिएर आममानिसले रूचाउँछन् कि भन्ने खालका मुद्दाहरू जस्तो भ्रष्टाचारका कुराहरू अथवा भ्रष्टाचार गर्ने कर्मचारीहरूलाई जनकारबाही गर्नेजस्ता कुराहरू लिएर अगाडि बढेको छ। त्यसैले गर्दा पहिलो चरणमा यी महाअधिवेशनहरू सम्पन्न भएपछि मुलुक चुनावको दिशामा अगाडि बढ्छ। आममानिसको अपेक्षा पनि हो कि अहिलेको सरकारले कुनै डेलिभरी दिन सक्दैन, त्यसकारणले योभन्दा राम्रो चुनाव नै होस्, अर्लि इलेक्सन होस् भन्ने आममानिसको बुझाइ छ। यसले मुलुकले एउटा बाटो समाउँछ भन्ने धारणा पनि बन्दै गएको छ।

**० गत निर्वाचन ताका तपाईंले मधेशवाणीसँग अन्तर्वातामा खासगरी मधेशकेन्द्रित दलहरूबारे जुन आँकलन गर्नुभएको थियो, त्यो लगभग मिलेको थियो । अब आगामी निर्वाचनमा मधेशकेन्द्रित दलहरूबारे कस्तो अवस्था आउने देख्नुहुन्छ ?**

– खासगरी महन्थ ठाकुर र राजेन्द्र महतोको लोकतान्त्रिक समाजवादी पार्टी र उपेन्द्र यादवजीको जनता समाजवादी पार्टी नेपालले तीनवटै समीकरणको अभ्यास गरिसकेको छ। तीनवटा समीकरण भनेको एउटा त मधेशमा छुट्टाछुट्टै निर्वाचन लड्ने। संविधानसभामा छुट्टाछुट्टै चुनाव लडे। त्यसपछि यिनीहरू सिट एडजस्टमेन्ट गरे। आपसमा मधेशका विभिन्न जिल्ला, विभिन्न निर्वाचन क्षेत्रमा सिटको बाँडफाँड गरेर चुनाव लडे। त्यसले गर्दा सन्तोषजनक परिणाम हासिल गरे पनि पछिल्लो समयमा संस्थापनको रूपमा दुवै पार्टी एक ठाउँमा रहन सकेन। त्यसपछि तेस्रो अभ्यास गरे पार्टी एकीकरण गरेर। यी दुइटै पार्टी एउटै पार्टीमा परिणत भए। तर हामी परिणाम के देख्यौं भने वर्ष दिन नबित्दै यिनीहरू सँगै बस्न सकेनन्। मैले के देखे भने महन्थ ठाकुर र राजेन्द्र महतोजीको पार्टी लोसपा र उपेन्द्रजीको पार्टी जसपा कुनै पनि ठाउँमा पार्टीहरूले गर्ने तीन प्रकारको कार्य गरेर अहिले फेरि छुट्टाछुट्टै अवस्था रहेका छन्। मलाई लाग्छ कि अहिले जुन प्रकारको तिक्तता, एक आपसमा आरोप-प्रत्यारोप र कुटाता यिनीहरूमा देखिएका छन्, यदि कुनै अदृष्य, दैविक शक्तिको प्रभाव रहेन भने यिनीहरू छुट्टाछुट्टै रूपमा निर्वाचनमा जाने देखिन्छ। यसमा म स्पष्टरूपले नलुकाइकन भन्छु कि एक त आन्दोलनको बाटो यिनीहरू बिर्सिसके, दोस्रो कुरा आन्दोलन भनेको जनतालाई भ्रमित गर्नका लागि गरिरहेको हुन्छ भन्ने कुरा आममानिसले महसुस गरिसके। त्यसको बाबजुद पनि यिनीहरू एक भएर मधेशका मतदातालाई ध्रुवीकृत गर्ने सम्भावना थियो तर अहिलेको विभाजनले छिन्नभिन्न अवस्थामा यिनीहरूले पुऱ्याइदिएका छन्। तसर्थ, यही अवस्थामा यिनीहरू चुनावमा गए भने जसपा र लोपसाले गम्भीर क्षति व्यहोर्नुपर्ने देखिन्छ। यसअघि निर्वाचनमा मैले १३ जना सांसदको हाराहारी भनेको थिएँ। आगामी निर्वाचनको परिणामबारे अहिले नै यसको अनुमान गर्नु अलि छिटो हुन्छ जस्तो मलाई लाग्छ। तर म यति मात्रै भन्छु कि राष्ट्रियस्तरको पार्टीको पहिचान मात्रै यिनीहरू पाउनेछन्। संसद संख्याको आधारमा यिनीहरूको राष्ट्रिय राजनीतिमा प्रभावकारी रहँदैन। अहिलेको भन्दा पनि यिनीहरूको अवस्था तल खस्किन्छ।

**० डा.सीके राउतको जनमत पार्टीको कस्तो अवस्था देख्नुहुन्छ ?**

– सीके राउतको होल कन्सल्ट्रेशन दुई/तीनटा कुरामा म देख्दछु। एउटा त त्यो पार्टी अहिलेसम्म बहुनेतृत्वको रूपमा देखिँदैन। त्यो पार्टीले सीके राउतजीको मात्रै महिमामण्डन गरिरहेको छ। सीके राउतजीको व्यक्तित्व नै तिलस्मी व्यक्तित्व हो, प्रभावकारी व्यक्तित्व हो, उहाँ धेरै ठूलो विद्वान, मुक्तिदाता हो भनेर पूरा संगठन उहाँको महिमालाई बढाउने गरी अगाडि बढिरहेको देखिन्छ। अर्को कुरा, उहाँहरूले संगठन निर्माणका लागि चर्चित मुद्दाहरूलाई समात्न खोजेको देखिन्छ। जस्तै, एक जमानामा माओवादीहरूले ठाउँ-ठाउँमा, गाउँमा आराम गर्नका लागि पनि तास खेल्दा भाठा कारबाही गर्ने, होटलमा जाँडरक्सी बन्द गराउने अथवा आफूखुशी कसैलाई भ्रष्टाचारी भनेर प्रताडित गर्ने, जनकारबाही गर्ने लगायतका कुराहरू त्यो समयमा लोकप्रिय भएको थियो, त्यस्ता खालका मानिसहरू अरूलाई कुट्न पाइन्छ, त्यस्ता मानिसहरू समाजमा सिको गरेर सीके राउतले अहिले जनकारबाहीलाई अगाडि बढाउनुभएको देखिन्छ।
चुनावी राजनीतिमा उहाँहरूलाई राम्रो परिणाम दिँदैन। यस्ता क्रियाकलाप गरेर जब उहाँ जनताको बीच मत माग्न जानुहुन्छ, अहिले आफूले लोकप्रिय ठहराएको कदमको बारेमा भोलि उहाँलाई धेरै ठूलो स्पष्टीकरण दिनुपर्ने हुन्छ, शायद स्पष्टीकरण दिन सक्नुहुने पनि छैन। अर्को कुरा मधेशको चुनावका केही यथार्थताहरू छन्। मधेशमा कुनै पनि पार्टीका नेताको देवत्वकरण गरेर, प्रादेशिक, स्थानीय वा आमउम्मेदवार गुमनाम प्रकारका व्यक्तिहरूलाई अगाडि सारेर उपलब्धि हासिल गर्न सकिँदैन। मधेशले मात्रै होइन, पहाडले पनि आफ्नो अगाडि उम्मेद्वारको रूपमा रहेको पर्सानालिटीहरूलाई हेरेर मतदान गर्छन्। जस्तो, कांग्रेससँग अहिले देशव्यापीरूपमा सयौं यस्ता व्यक्तिहरू छन् जो चुनावी राजनीतिमा प्रभावशाली देखिएका छन्। एमालेमा पनि त्यहीं छन्, यहाँसम्म राप्रपामा पनि त्यस्तै छन्। मोरङमा बद्री मण्डल जति नै कमजोर पार्टीबाट उम्मेद्वार भएपनि चर्चामा आइहाल्छन्। मैले के देखेको हो भने जनमत पार्टीसँग यो सोच देखिएको छैन। जनमत पार्टी अहिले सीके राउतजीलाई देवत्वकरण गरेर उहाँको विद्वता, गुणगान गरेर संगठनलाई अगाडि बढाएको छ। यो त अन्य समयका लागि ठिक हो, तर खासगरेर चुनावी राजनीतिमा सयौं सीके राउत चाहिन्छ हरेक निर्वाचन क्षेत्रका लागि। प्रभावशाली मान्छेहरू चाहिन्छ।

**० सीके राउतको जनमत पार्टीका चुनातीहरू के-के छन् जस्तो लाग्छ ?**

– मैले इमान्दारीपूर्वक भन्नुपर्दा अहिले सीके राउतले युवाहरूलाई राम्रो संख्यामा संगठित गरिरहेको देखिन्छ। मैले आफ्नै आँखाले हेरेको, हाम्रै गाउँ-ठाउँमा वा अरू जिल्लाहरूमा जुन क्रियाकलापहरू भइरहेका छन्, त्यसलाई कमजोर पनि भन्न मिल्दैन। राम्रो उपस्थिति छ, खासगरेर युवाहरू, तन्नेरीहरूको राम्रो मोविलाइजेशन उहाँहरूको पक्षमा छ। यही युवा र तन्नेरीहरू हिजोको दिनमा फोरम अथवा सद्भावना पार्टीका लागि चुनावमा राम्रो प्रदर्शन गरेका थिए। यिनीहरूको शक्तिको आधारमा पनि उपेन्द्रजी उपेन्द्रजी हुनुभएको हो अथवा मधेशका अन्य नेताहरू राम्रो पोजिशन पाए। अहिले के देखिन्छ भने एउटा खास उमेर समूह ३०-३५ वर्षसम्मका युवाहरू जसको सम्पूर्ण मतदातामा राम्रो प्रतिशत सीके राउतसँग बढी जोडिएका छन्। यसका बाबजुद मतदाताको राम्रो संख्या बनाएपनि हरेक निर्वाचन क्षेत्रमा अन्य पार्टीसँग मुकाबिना गर्ने नेतृत्वको विकास गर्न सकेन भने त्यो जनमतलाई भोटमा रूपान्तरित गर्न गाह्रो हुन्छ। यसका साथसाथै मधेशकै पार्टीहरू पनि केही खास जातीय जनाधारलाई उपयोग गर्न खोजेको देखिन्छ, जुन गलत हो। जस्तो उपेन्द्र यादवजी एउटा-दुई जातिको समीकरण बनाएर आफूलाई शुभचिन्तक देखाएर लामो समयदेखि राजनीति गरिरहनुभएको छ। त्यसको विकल्पमा महन्थ ठाकुर र राजेन्द्र महतोजीहरू पनि अर्को प्रतिस्पर्धी जातिलाई आफ्नो संगठनमा हुल्ने कामहरू गरिरहनुभएको छ। यो पनि एउटा मुख्य मुद्दा हो जसले पार्टीको जनाधारलाई प्रयोग गर्छ। यदि सीके राउतजी निरपेक्ष राजनीतिक मुद्दामा मात्रै अगाडि जानुभएको छ भने यी कुराहरूलाई बिर्सिन हुँदैन जस्तो लाग्छ।

**० सीके राउतले जसपा र लोसपाका लागि कतिको चुनौति खडा गर्छ ?**

– समग्रमा हेर्दा पहिले कांग्रेसको कुरा गरौं। कांग्रेसको ठूलो जनाधार मधेशी पार्टीहरूले आफ्नो पक्षमा पार्न सफल भएका थिए। अहिले के देखिन्छ भने कांग्रेसले आफ्नो जनाधारलाई तान्न सफल भएको देखिन्छ। तर कांग्रेसका लागि उपयोगी त्यतिखेर हुन सक्छ, जतिखेर यो १४औं महाधिवेशन धेरै झैझण्झट नगरेर सम्पन्न गर्दछ। यो महाधिवेशनमा यति धेरै ठूलो रडाको अथवा तनाव भयो भने प्राप्त गरेको जनाधारलाई फेरि गुमाउन सक्छ।
अब कुरा गरौं नेकपा एमालेको। नेकपा एमाले पहिलेभन्दा अहिले मधेशमा बलियो भएको छ र बढी चर्चा रहेको छ भन्दा अतिश्योक्ति नहोला। संविधानसभाको निर्वाचनपछि मधेशी पार्टीहरूले ओलीको पार्टीलाई जसरी टारगेट गरे, प्रहारको लक्ष्य बनाए, अहिलेको त्यो अवस्था छैन। उपेन्द्रजीले जति नै प्रतिगमनकारी ओली भने पनि हिजो त्यहीं ओलीको क्याबिनेटमा पटक-पटक मन्त्री हुनुभयो र मन्त्री हुन चाहनुभयो, मनपर्दो मन्त्रालय खोज्नुभयो भन्ने कुरा मान्छेले बिर्सेका छैनन्। अहिले एमालेको १०औं महाधिवेशनको पूर्वसन्ध्यामा हामी कुराकानी गरिरहँदा सयौं गाडीहरूमा मोरङ, सुनसरीमा मानिसहरू जाँदैछन्। यी सबै पहाडबाट आएका होइनन्। मधेशका गाउँ-गाउँबाट सयौं संख्यामा गाडीहरू गइरहेका छन्। केही समय पहिला ओलीको विभिन्न ठाउँमा आमसभाहरू हुँदा दिनभरि गाडीहरू पर्खिबस्थ्यो तर मन्छेहरू त्यसमा चढ्न आउँदैनथ्यो। तर अहिले भरिभराउ गाडीहरू गइरहेका छन्। यसले मधेशी पार्टीहरूले ओलीजी वा ओलीजीको पार्टीलाई जसरी टारगेट बनाएका थिए, अहिले त्यो अवस्थामा कमी आएको छ। उहाँहरू पनि अब स्वतन्त्रतापूर्वक मुभ गर्न पाइराख्नुभएको छ। यसले पनि मधेशमा मधेशी पार्टीहरूको जनाधारलाई नै प्रभाव पार्छ। उपेन्द्रजीका धेरै खास साथीहरू जो एमाले वा माओवादीका थिए, उनीहरू आफ्नै पार्टीमा फर्केको स्थिति देखिन्छ। यसको पनि प्रभाव मधेशी पार्टीहरूमै पर्छ।
अब कुरा गरौं सीके राउतजीको। सीके राउतजीले १० भोट लिए पनि वा १० हजार भोट लिएपनि यस कुरामा दुईमत छैन कि त्यो भोटको ९० प्रतिशत मधेशी पार्टीहरूकै जनाधार आफूतिर तान्ने हो। समग्रमा यसपालि सबैको प्रहारको केन्द्र अथवा शक्ति घट्ने भनेको मूलधारका मधेशी पार्टीहरूकै हो।

# सभापतिका लागि विमलेन्द्र निधिको प्रतिबद्धता र योजना



आदरणीय महाधिवेशन र महासमितिका साथीहरू,

हिमाल, पहाड, तराई-मधेसका विभिन्न जिल्लाबाट विविध धर्म, संस्कृति र समुदायबाट समेत प्रतिनिधित्व गर्दै निर्वाचित भएर आउनु भएका तपाईंसम्पूर्ण महाधिवेशन प्रतिनिधि साथीहरू र महासमिति सदस्य साथीहरूलाई बधाई दिन्छु र जय नेपालको हृदयध्वनिले हार्दिक स्वागत गर्दछु । यस अवसरमा म नेपालको लोकतान्त्रिक विचारका प्रथम नेपाली भाष्यकार जननायक बीपी कोइराला, आन्दोलनको विशिष्ट क्षणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सुवर्ण शमशेर, सूर्यप्रसाद उपाध्याय, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, लोकतान्त्रिक गणतन्त्र प्राप्तिको नेतृत्व गर्ने गिरिजाप्रसाद कोइराला र वर्तमान संविधान निर्माणको नेतृत्व गर्ने सुशील कोइरालासहित विभिन्न क्षेत्र र समुदायबाट अनेक कष्ट झेल्दै जीवन समर्पण गर्ने सम्पूर्ण लोकतान्त्रिक योद्धाहरूप्रति सम्मान प्रकट गर्दछु । अहिंसा, शान्ति,सामाजिक न्याय, समुदायका बीच सद्भाव र लोकतन्त्रको मार्गमा मलाई उत्प्रेरित गर्नु हुने मेरा पिताजी महेन्द्रनारायण निधिलाई यतिबेला सादर स्मरण गर्न चाहन्छु । नेपाली काँग्रेसको ७६ वर्षको कष्टकर यात्रामा जीवन उत्सर्ग गर्नुहुने महान् शहीदहरूप्रति म श्रद्धासुमन अर्पण गर्दछु ।

आफ्नो विगतलाई फर्केर हेर्दा मैले १३-१४ वर्षको किशोर वयदेखि नै नेपालको लोकतान्त्रिक आन्दोलनमा करीव ५३ वर्ष सक्रियतापूर्वक व्यतित गरिसकेको छु । लोकतन्त्र प्राप्तिकालागि विगतका संघर्षपूर्ण कठिन दिनमा अनेक सहकर्मीहरूसँगै मैले जेलनेलको लामो शृंखला अनुभव गरेको छु । विगतको पृष्ठभूमि र नेतृत्वदायी अनुभवको यस चरणमा मैले नेपाली काँग्रेसको केन्द्रीय सभापति पदमा आफूलाई प्रस्तुत गरेको छु । परिवर्तित राजनीतिक प्रणालीको व्यवहारिक पक्षहरूलाई सार्थक गर्नुपर्ने विवेक र तर्कको कसीमा मेरो यो उम्मेदवारी रहेको समेत स्पष्ट गर्न चाहन्छु ।

मैले सभापति पदमा उम्मेदवारी प्रस्तुत गर्दै गर्दा केही निश्चित परिकल्पना, ध्येय र उद्देश्यसहित कार्ययोजना र पार्टीभित्रको आवश्यक सुधार समेतलाई केन्द्रविन्दुमा राखेको छु ।

**परिकल्पना**

नेपाली काँग्रेसलाई देशको एकमात्र सुसंगठित, सुव्यवस्थित र सक्षम लोकतान्त्रिक पार्टीको रूपमा देशभित्र र अन्तर्राष्ट्रिय स्तरमा पुनर्स्थापित गराउने, भ्रातृ तथा शुभेच्छुक संस्थाहरू र जनसम्पर्क समितिलाई व्यवस्थित, मर्यादित, समयानुकूल, विधिसम्मत, संगठित र सशक्त बनाउँदै देश र जनताको सेवामा सक्रिय बनाउने र तीनवटै तहको आगामी निर्वाचनमा नेपाली काँग्रेसलाई बहुमतका साथ विजयी गराउने ।

नेपाली काँग्रेसमा रूपान्तरण,पुस्तान्तरण र पुस्ताहस्तान्तरण प्रकृयालाईसहजीकरण गर्ने ।

नयाँ पुस्तालाई वर्तमान राजनीतिक प्रणाली र नेपाली काँग्रेसप्रति आकर्षित गर्दै सक्रिय रूपमा सहभागी गराउने ।

देशको भौगोलिक विविधताअनुरूप हिमाल, पहाड, तराई-मधेश, पश्चिमदेखि पूर्वका सबै जनतालाई भावनात्मक रूपमा जोड्ने ।

जातीय, सांस्कृतिक र धार्मिक विविधतायुक्त समाजभित्रका महिला, दलित, आदिवासी-जनजाति, मधेशी, मुस्लिम, थारू, खसआर्य, अल्पसंख्यक, अपाङ्गता भएका, पिछडिएका क्षेत्र तथा तेस्रोलिङ्गीलगायत सबैलाई सम्मानका साथ नेपाली काँग्रेसमा सक्रिय गराउने र समुदायका बीच थप सद्भाव कायम गर्ने ।

सुन्दर फूलवारी जस्तो विविधतापूर्ण समाजले अवलम्वन गर्दै आएको भाषा, साहित्य, कला, संस्कृति, धर्म र सम्पदाको संरक्षण गर्न नेपाली काँग्रेसका सम्पूर्ण तहगत समितिहरू र सदस्यहरूलाई सक्रिय बनाउने ।

भ्रातृ तथा शुभेच्छुक संस्थाहरू र नेपाली जनसम्पर्क समितिलाई व्यवस्थित, मर्यादित, समयानुकूल, विधिसम्मत, संगठित र सशक्त बनाउदै देश र जनताको सेवामा विशेष सक्रिय गराई वर्तमान राजनीतिक परिवर्तनलाई सबल एवं सफल गराउने ।

विदेशको रोजगारीमाश्रम खर्च गरिरहेका, अध्ययनको आकांक्षाले विदेशमा पुगेका र विभिन्न कारणबाट विदेशमा रहेका सबै क्षेत्रर वर्गका नेपालीहरूको हित संरक्षणमा पार्टीले उचित पहल गर्ने र गरिरहने ।

हिमाल, पहाड, तराई-मधेसमा वसोवास गर्ने किसान र श्रमजीवी, विभेदमा परेका र सीमान्तकृत नागरिकको दुःखको साथी नेपाली काँग्रेसलाई बनाउने र उनीहरूको हितप्रबर्द्धनमा सिंगो पार्टीपंक्तिलाई परिचालन गर्ने ।

विगतमा भएका अनेक क्रुर हिंसाको मारमा परेका, आज पनि हिंसाबाट अन्यायमा परेका, वेपत्ता भएका वा पारिएका, अनगिन्ती नेपालीका परिवारको आँशु रोकिएको छैन । न्यायका लागि निरन्तर करूण क्रन्दन सुनिरहेको अवस्था छ । ती करूण पुकारलाई सुन्न राज्यलाई नेपाली काँग्रेसले बाध्यपार्ने क्षमताको विकास गर्ने ।

**ध्येय**

उपरोक्त परिकल्पनालाई साकार गराउन निम्न ध्येयहरू समयवद्ध प्रक्रिया अपनाई ४ बर्षको समयावधिभित्र पूरा गर्ने प्रतिबद्धता गर्दछु ।

नेपाली काँग्रेसको केन्द्रीय सचिवालय र पुस्तकालयलाई व्यवस्थित गरी आन्तरिक कर्मचारी प्रशासनलाई समयोचित सुधार गर्ने ।

प्रदेश, जिल्ला, क्षेत्र र पालिकाका पार्टी सचिवालय सञ्चालनलाई चुस्त, दुरूस्त गराउने र नियमित सम्पर्क र सम्वाद तथा सूचना आदानप्रदान गर्ने वातावरण निर्माण गर्ने ।

लोकतान्त्रिक आन्दोलनका शहीद र नेपाली काँग्रेसमा रहेर योगदान गर्नुभएका अग्रजहरूको सम्मान र स्वदेशप्रेमको भावना वृद्धि गर्न विद्यालयहरूमा लोकतन्त्र ज्ञान परीक्षा र नेपाल ज्ञान परीक्षा सञ्चालन गर्ने र विभिन्न खेलकूद, साहित्यिक कार्यक्रम, विद्यालय, स्वास्थ्यशाला, बाटो आदिको नामाकरण गरी स्मृतिसम्मानलाई चिरस्थायी राख्ने ।

समकालीन साथीहरूको संरक्षण र नयाँ पुस्ताको नेतृत्व विकास तथा प्रवर्द्धनका साथ काँग्रेसलाई गतिशील र व्यवस्थित पार्टीको रूपमा विकसित गर्ने ।

लोकतान्त्रिक आन्दोलनका शहीद परिवार, घाइते र विस्थापित हुनुभएका नेपाली काँग्रेसका साथीहरूलाई उचित सम्मान र सहयोग प्रदान गर्ने ।

नेपाली काँग्रेसका सदस्य साथीहरूलाई उद्यमशील, कर्मशील, आत्मनिर्भर र स्वरोजगार बनाउन चरणबद्ध कार्ययोजनाहरू बनाउने ।

विदेशमा पसिना चुहाउन विवश युवाहरूलाई स्वदेशमा नै रोजगार सृजना गर्न समयबद्ध योजनाहरू बनाउने ।

पार्टीका सदस्यहरूमा पठन संस्कृतिको विकास गर्न वडा तहदेखि जिल्ला तहमा समेत काँग्रेस पुस्तकालय स्थापना गरी पार्टी साहित्य अध्ययनलाई सम्पूर्ण तहमा अनिवार्य गराउने ।

नेपाली काँग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानलाई संस्थागत विकास गरी अनुसन्धानलाई महत्व दिंदै सूचना प्रविधिको प्रयोग समेतलाई समावेश गरी वडा तहसम्म प्रशिक्षण गर्ने र अनुशासित, इमानदार सदस्यहरूलाई प्रोत्साहित गर्ने ।

नेपाली काँग्रेसको सभापतिका रूपमा पार्टीको आर्थिक पारदर्शिता र सुशासनलाई पूर्ण पालना गर्ने र गराउने ।

पार्टीभित्र विकसित गुट-उपगुटको अवस्थालाई उचित व्यवस्थापन गरी सबै साथीहरूलाई ऐक्यबद्ध रूपमा पार्टीको लक्ष्यउन्मुख गराउने ।

विशेषगरी युवाहरूलाई आत्मसम्मानकासाथ पार्टीमा सक्रिय हुने र रहने वातावरण विकास गर्ने ।

सम्पूर्ण तहका साथीहरूको र सबै तहका कार्यक्रमहरूको अभिलेखीकरण र मूल्याङ्कन गरी नेपाली काँग्रेसभित्र अन्याय हुन नदिन र विभेदको अन्त्य गरी बन्धुत्वपूर्ण संस्कृति विकास गर्ने ।

राष्ट्रियता, लोकतन्त्र, समाजवाद, गणतन्त्र, संघीयता, समावेशिता, मिश्रित निर्वाचन प्रणाली, धर्मनिरपेक्षता, अहिंसा र शान्तिका आधारभूत मान्यतासहित बनेको संविधान र राजनीतिक प्रणालीलाई जनताको हित एवं चाहनाअनुसार सफल कार्यान्वयन गर्न र आम रूपमा सुशासनको विशेष अनुभूति गराउन पार्टीलाई परिचालित गर्ने ।

संविधान संशोधनको विषय पार्टीको आधिकारिक निर्णय अनुसार कार्यान्वयन गराउने ।

उद्देश्य

उपरोक्त ध्येय प्राप्त गर्न पाँच बर्षभित्र प्राप्त गर्ने संरचनागत सुधारका उद्देश्य ।

पार्टीभित्र नेतृत्व विकास,रूपान्तरण, पुस्ताहस्तान्तरण र पुस्तान्तरणलाई सहज बनाउन पार्टीका कुनै पनि एउटै तहमा वा पदमा दुई पटक भन्दा बढी निर्वाचित वा मनोनित नहुने व्यबस्था गर्न पार्टीको विधान संशोधन गर्ने ।

नेपाली काँग्रेसले आफ्नो स्थापनाकालदेखि नै नेपाली समाजलाई समतामूलक लोकतान्त्रिक समाजमा रूपान्तरण गर्ने घोषित उद्देश्यको कार्यान्वयनका लागि वडा, पालिका, प्रदेश र केन्द्रीय स्तरमा नै समाज रूपान्तरण सम्बन्धी उपयुक्त कार्यक्रमहरू तर्जुमा गरी संचालन गर्ने, गराउने ।

पार्टीका जिल्ला सभापतिहरूको १२-१३ जेठ, २०७७ मा नुवाकोटको ककनीमा सम्पन्नभेलाले पार्टी सुदृढीकरणका लागि सिफारिस गरेका संपूर्ण सुझावहरूलाई विधानमा समेत सुधार गरी पार्टीमा लागू गर्ने ।

पार्टीका वडा, पालिका तथा प्रदेश स्तरमा उदाहरणीय र लोकप्रिय कार्यक्रम संचालन गरेका पार्टीका निर्वाचित जनप्रतिनिधिहरूको पार्टीबाट यथोचित मूल्यांकन गर्ने संस्थागत परिपाटी सुरू गर्ने ।

पार्टीका सवै तहका निर्वाचित जनप्रतिनिधिहरूलाई लक्षित गरी योजना तर्जुमा तथा कार्यान्वयन, सुशासन, सहकारिता, समन्वय तथा पार्टीका विविध बिषयहरू बारे नियमित रूपमा प्रशिक्षण शिबिरहरू संचालन गर्ने र सहकारी अभियानलाई तीव्रगराउदै पार्टीका सदस्यहरूलाई अभियानमा उत्प्रेरित गर्ने ।

पार्टीले के कस्ता नीति तथा कार्यक्रमहरू केन्द्रीय, प्रादेशिक तथा स्थानीय स्तरमा संचालन गर्दा उपयुक्त हुन्छ सोको निर्धारण, कार्यान्वयन, अनुगमन र मूल्यांकनको कार्य नियमित गर्ने केन्द्रीय संयन्त्रको व्यवस्था गर्ने ।

देशको भूराजनीतिक यथार्थता तथा आवश्यकतालाई मध्यनजर गर्दै पार्टीले छिमेकी मित्रराष्ट्रहरू भारत र चीनसँगको सम्बन्धलाई थप मजवुत बनाउने र नेपालको विकास तथा लोकतान्त्रिक प्रक्रियामा सहयोगी अन्य मित्रमित्रराष्ट्रहरूसँगको सम्बन्ध सुमधुर गराउने ।

संविधानमा उल्लेख भएका तर कार्यान्वयन हुन नसकेका नेपाल प्रहरी र निजामती सेवासम्बन्धी प्रदेशको अधिकार स्थापित गर्न तथा भाषा आयोगले सिफारिस गरेअनुसार सम्बन्धित प्रदेशहरूमा सरकारी कामकाजको भाषाको रूपमा कार्यान्वयन गराउने ।

पार्टीले सोसलिष्ट इन्टरनेशनलसहित समान विचारधारा र नेपालको हित चाहने विभिन्न देशका राजनीतिक दलहरूसँग मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने ।

अन्य सुधारहरू

पार्टीको केन्द्रदेखि प्रदेश, जिल्ला र स्थानीय निकायसम्म जनताका पीरमर्का सुनी, बुझी यथाशीघ्र सम्बन्धित निकायमा पुर्याउन जय नेपाल गुनासो सेवा प्रारम्भ गर्ने ।

पार्टीका पुराना नेता तथा कार्यकर्ताहरूलाई आ-आफ्ना गाउँठाउँमा उनीहरूकै रूची र सहभागितामा उपयुक्त कार्यक्रमहरू संचालन गर्ने । यसका लागि पार्टीका स्थानीय, जिल्ला र प्रदेश इकाईहरूलाई परिचालन गर्ने ।

वायुप्रदूषण घटाउन, पर्यावरणको संरक्षण गर्न, आफ्नो परिवार र समाजलाई शिक्षा, स्वास्थ्य र सरसफाईमा उत्प्रेरित गर्न पार्टीका सदस्यहरूमार्फत सक्रिय सामाजिक अभियान चलाउने र जलवायु सम्बन्धी अन्तराष्ट्रिय महासन्धीलाई कार्यान्वयन गर्न सभापतिको हैसियतले मेरो यसमा पूर्ण सहयोग र समर्थन रहने छ ।

आजको संसारमा सूचना र संचारको महत्वपूर्ण योगदान रहेको छ । म यसवेला तमाम संचारकर्मी मित्रहरूले मलाई दिनु भएको स्नेह र सहयोगकालागि कृतज्ञता प्रकट गर्दछु । नेपाली काँग्रेस पार्टीका तर्फबाट संचार क्षेत्रको विकास र संचारकर्मीको वृत्तिविकासमा विशेष पहल गर्नेछु ।

समग्रमा नेपाली काँग्रेसमा स्वभाव, आचरण र व्यवहारमा सुधार गरीजनतासँग काँग्रेस र काँग्रेससँग जनता व्यावहारिक रूपमा सिद्ध गर्ने ।

रूख चिन्हसँग मतदातालाई र चारतारे झण्डासँग जनतालाई जोड्ने ।

उल्लिखित प्रतिबद्धतालाई सार्थक गराउन नै मेरो उमेदवारीको अभिष्ट रहेको छ । मैले मेरो उमेरको करीव ५३ वर्ष स्वस्फूर्तरूपमा नेपालको लोकतान्त्रिक आन्दोलनमा व्यतित गरेको छु । नेपाली काँग्रेस जस्तो गौरवशाली पार्टीको यस ऐतिहासिक १४औं महाधिवेशनमा हिमाल, पहाड, तराई-मधेस, पूर्वपश्चिमबाट अनेक कठिनाई झेल्दै सहभागी पार्टीका अग्रज, समकालीन र नवीन युवापुस्ताका साथीहरूले म माथि पूर्ण बिश्वास गर्नुहुने छ, रविवेकपूर्ण र तर्कपूर्ण मूल्यांकनका आधारमा सभापतिपदमा मलाई मतदान गरी विजयी गराउनु हुनेछ भन्ने बिश्वास गरेको छु ।धन्यवाद ।

९ मंसिर २०७८ जयनेपाल ।

विमलेन्द्र निधि

पाँच दशकदेखिको राजनीतिक यात्रा

- २०१२ साल, धनुषा जिल्लाको नगराईन ।
- पिता महेन्द्रनारायण निधि र माता प्रेमसागरीदेवी ।
- शिक्षाः राजनीतिशास्त्रमा स्नातकोत्तर ।
- २०२७ सालमा नेपाल विद्यार्थी संघको सदस्य ।
- सरस्वती हाइस्कुल धनुषामा १४ बर्षको उमेरमा कक्षा १० मा पढ्दा २०२६ सालमा पहिलो पटक गिरफ्तार ।
- २०२९ सालमा रारा बहुमुखी क्याम्पस जनकपुरको स्ववियू सचिव ।
- नेविसंघ धनुषाको सचिव ।
- २०३३ सालमा स्नातक अध्ययनरत रहँदा तेस्रो पटक गिरफ्तार, १८ महिना जेल जीवन ।
- नेवि संघको केन्द्रीय सदस्य ।
- २०३६ सालमा जनकपुरमा सम्पन्न तेस्रो महाधिवेशनबाट २४ बर्षको उमेरमा जननायक बीपी कोइरालाको प्रस्तावमा नेविसंघको केन्द्रीय अध्यक्षमा सर्बसम्मत चयन ।
- २०३८ सालमा पंचायती निर्वाचन बहिष्कारको अगुवाई ।
- २०४२ सालको सत्याग्रहमा नेतृत्वदायी भूमिका ।
- २०४६ सालको जनआन्दोलनमा गिरफ्तार ।
- २०५१ सालको मध्यावधि निर्वाचनमा धनुषा निर्वाचन क्षेत्र नं ४ बाट निर्वाचित ।
- ४० बर्षको उमेरमा २०५२ सालमा मन्त्री, सामान्य प्रशासन मन्त्री ।
- २०५७सालमा पोखरामा सम्पन्न नेपाली काँग्रेसको १० औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित ।
- २०५९ सालमा शिक्षामन्त्री ।
- २०५९ सालमा आन्तरिक द्वन्दका कारण बिभाजित भई शेरबहादुर देउवाको नेतृत्वमा गठित नेपाली काँग्रेस प्रजातान्त्रिकको महामन्त्री ।
- २०६२ ६३ को आन्दोलनमा गिरफ्तार ।
- २०६३ सालमा नेपाली काँग्रेस र नेपाली नेपाली काँग्रेस प्रजातान्त्रिकबीचको एकीकरण महाधिवेशनबाट महामन्त्रीमा निर्बाचित ।
- २०६४ र विसं २०७० सालको संविधानसभा निर्वाचनमा धनुषा जिल्ला क्षेत्र नं ३ बाट निर्वाचित ।
- २०७० सालमा भौतिक पूर्बाधार तथा यातायातमन्त्री ।
- २०७२ मा सम्पन्न नेपाली काँग्रेसको १३ औं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित ।
- २०७३ सालमा नेपाली काँग्रेसको तर्फबाट नेतृत्व गर्दै उपप्रधान तथा गृहमन्त्री ।
- २०७५ सालमा नेपाली काँग्रेसको उपसभापतिमा मनोनित ।
- २०७५ सालदेखि नेपाली काँग्रेस केन्द्रीय नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानका प्रमुख ।
- प्रजातान्त्रिक आन्दोलनका क्रममा जलेश्वर, मलंगवा, सिन्धुलीगढी, रामेछाप, केन्द्रीय कारागार र नख्खु कारागारमा गरी बिभिन्न कालखण्डमा ७ बर्ष जेलजीवन ।

विदेश भ्रमणः द्वन्द व्यबस्थापन, संघीयता, संविधान निर्माण, विकास प्रकृयाको तुलनात्मक अध्ययनका लागि स्विट्जरल्याण्ड, बेलायत, अमेरिका, जर्मनी, फ्रान्स, स्वीडेन, डेनमार्क, इटली, पोर्चुगल, थाइल्याण्ड, श्रीलंका, जापान, भारत, चीन, भूटान, तान्जानियासहित अन्य अफ्रिकी देशहरूको भ्रमण ।

## मधेश अपडेट

### प्रदेश नं. २ माओवादीमय बन्दै गएको छ : प्रचण्ड

रौतहट । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश नं. २ माओवादीमय बन्दै गएको बताएका छन् । शनिबार रौतहटको कटहरियामा आयोजित विशाल जनसभालाई सम्बोधन गर्दै अध्यक्ष प्रचण्डले आगामी निर्वाचनमा पार्टीलाई पहिलो पार्टी बनाउने दाबी गरेका हुन् । उनले प्रदेश नम्बर २ माओवादीमय बन्दैगएको बताउँदै आगामी चुनावमा पहिलो पार्टी बन्ने जिकिरसमेत गरेका छन् । विगतमा माओवादी केन्द्रले मधेशलगायत महिला, आदिवासी जनजाति, दलित, मुस्लिम र पिछडिएका वर्गहरूको हक, अधिकारकानिम्ति संविधान संशोधनको प्रस्ताव अघि सारिएको विषय पनि उनले स्मरण गरे । पछिल्लो समय मधेशमा माओवादी केन्द्रले संघीयताको मुद्दा छोडिसक्यो भन्नेजस्ता भ्रमहरू फैलाइएको बताउँदै उनले भ्रम चिर्नकै लागि पनि विगतमा आफूले मधेशबाट निर्वाचन लडेको जिकिर गरे । उनले मधेशी जनताको वास्तविक हक, अधिकारको लडाई माओवादीले मात्रै गर्न सक्नेसमेत बताए ।

### समृद्ध मधेश निर्माण गर्ने भिजन जनमत पार्टीसँग मात्रै छ : डा.सीके राउत

सिरहा । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले मधेशको अशिक्षा, बेरोजगारी र भ्रष्टाचारलाई अन्त्य गर्ने भिजन आफूहरूसँग मात्र रहेको दाबी गरेका छन् । सिरहाको लक्ष्मीपुर पतारी गाउँपालिकामा जनमत पार्टीको नगरस्तरीय विशाल आमसभालाई सम्बोधन गर्दै अध्यक्ष डा.राउतले यस्तो दाबी गरेका हुन् । उनले आगामी चुनावमा जनताले जनमत पार्टीको हर्न छापमा मतदान गर्न आग्रह गर्दै क्षणिक लोभमा नपरी दिगो विकासको लागि अगाडि बढ्न आह्वानसमेत गरेका हुन् । उनले भने, आज भन्दा ५० वर्ष अगाडि यहाँको धान साउथ कोरिया, भारत निर्यात हुन्थ्यो तर आज यही भूमिमा भोकमरी पैदा भएको छ । आखिर किन्न ? सोच्नु पर्ने बिषय हो ।' उनले थपे, '२०६२/६३ को मधेश आन्दोलनमा मधेशी माथी गोली चलाउने काङ्ग्रेस आज पनि मधेशबाट भोट कलेकस्न गरिरहेको छ ।' उनले ७० वर्षदेखि देश वर्वाद गर्ने कांग्रेस, ३० वर्षदेखि देश वर्वाद गर्ने माओवादी र १०/१५ वर्ष देखि देश वर्वाद गर्ने बहुरूपिया पार्टी जसपा/ लोसपा लाई आउने चुनावमा लखेटेर भगाउने समय आएको टिप्पणी गरे । जनमत पार्टीको प्रमुख एजेन्डा जनताराज बनाउने रहेको बताउँदै उनले भने, 'भ्रष्टाचार जस्तो धमिरा हाम्रो देशमा/मधेशमा व्याप्त रहेकोले भ्रष्टाचारलाई अन्त्य गर्न जनमत पार्टीको अभियान अगाडि बढिसकेको छ र भ्रष्टाचार अन्त्य गरिछाड्ने छ ।' 'समृद्ध मधेश निर्माणको एक आधार जनमत पार्टीको बनाउ सरकार' को अभियान अगाडि बढाउँदै गाउँ-गाउँ जान नेता कार्यकर्तालाई निर्देशनसमेत दिए । लक्ष्मीपुर पतारी गाउँपालिकाको श्री जनता नन्द ललिता माबिको प्राङ्गणमा आयोजित आमसभामा हजारौंको संख्यामा सर्वसाधारणको उपस्तिथि रहेको थियो ।

### जसपाबाट हटाइए यादव

काठमाडौं । पर्सा निर्वाचन क्षेत्र नं. १ बाट निर्वाचित सांसद प्रदीप यादवलाई जनता समाजवादी पार्टी नेपालले केन्द्रीय सदस्यबाट हटाएको छ । पर्साका लोकप्रिय नेता यादवलाई अनुशासनविपरीत गतिविधि गरेकोले केन्द्रीय सदस्यबाट हटाएर साधारण सदस्य मात्र रहने गरी कारबाही गरिएको जसपाले जनाएको छ । जसपाको केन्द्रीय कार्यकारिणी समिति बैठकले अनुशासनविपरीत काम गरेको यादवलाई स्पष्टीकरण सोधिएन पनि सन्तोषजनक जवाफ नआएपछि कारबाही परेको एक नेताले बताए । गठबन्धन सरकारको मन्त्रिमण्डल विस्तारमा जसपाबाट मन्त्रीमा समावेश नगरेपछि यादवका समर्थनहरूले वीरगन्जमा पार्टीको झण्डा र अध्यक्ष उपेन्द्र यादवको पुतला जनाएका थिए । साथै केन्द्रीय कार्यालयमा पनि नाराबाजी गरेका थिए ।

### गुल्जारीद्वारा एमालेबाट राजीनामा

रूपन्देही । नेकपा एमाले लुम्बिनी प्रदेश कमिटी सदस्य तथा रूपन्देही क्षेत्र नं. ४ का सह-इन्चार्ज ओमप्रकाश यादव गुल्जारीले पार्टीबाट राजीनामा दिएका छन् । उनले पार्टीको साधारण सदस्यमा भने रहने बताए । पूर्व कृषि राज्यमन्त्रीसमेत रहेका गुल्जारीले शनिबार मायादेवी गाउँपालिका-६ शिवपुर (मर्चवार)मा पत्रकार सम्मेलनको आयोजना गर्दै पार्टीको सम्पूर्ण पदबाट राजीनामा दिएको घोषणा गरेका हुन् । यादवले आफुलाई जिल्लामा काम गर्न पार्टी अध्यक्ष शिवराज सुवेदीबाट असहयोग भएको आरोप समेत लगाएका छन् । उनले जिल्ला पार्टीका अध्यक्षबाट आफुलाई असहयोग भएको दाबी गर्दै ३ महिनाअघि नै पार्टी उपमहासचिव विष्णु पौडेललाई जानकारी गराएको पत्रकार सम्मेलन जानकारी दिए । नेता यादवले महाधिवेशन प्रतिनिधि छनोटको निर्वाचनमा भएका गतिविधिबारे असन्तुष्टि जनाएका छन् ।

### निःशुल्क आँखा शिविरमा १५० जना जाँच

जनकपुरधाम । धनुषा जिल्लाको विदेह नगरपालिका-३ गोबराहीमा भएको निःशुल्क आँखा शिविरमा १५० जना बिरामीको जाँच गरिएको छ छ । सोमबार ४ बजेसम्म चलेको आँखा जाँचमा ६२ जनामा मोतियाबिन्दू फेला परेको छ । मोतियाबिन्दका बिरामिहरूलाई जानकी आँखा अस्पतालले व्यवस्थापन गरेको गाडीमा अस्पताल लगी निःशुल्क अपरेसन, औषधि र चस्मा प्रदान गर्ने जनाइएको छ । जानकी आँखा अस्पतालबाट आएका नेत्र विशेषज्ञ प्रदिप यादवको नेतृत्वमा रविन्द्र राय, ललन मण्डल, शुभाष दनुवारले सेवा दिएका थिए । स्थानीय लोसपा नेता संजीव झाको अध्यक्षीय व्यवस्थापनमा लोसपा नेता राजीव झाको प्रमुख आतिथ्य र नेपाल भारत खुला सीमा संबाद समूह, क्लोथ बैक धनुषाको सहआयोजन तथा जानकी आँखा अस्पताल जनकपुरधाम, तेज कोहली र रूइत फाउन्डेसनको आयोजनामा संचालन गरिएको छ ।

### 'माओवादी कमजोर भए अधिकार गुम्ने'

कैलाली । पूर्वप्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले माओवादी केन्द्र बलियो भयो भने राष्ट्र पनि बलियो हुने र जनताले पहिचान र अधिकार पनि पाउने बताउनुहुँदै माओवादी केन्द्र कमजोर भए पाएको अधिकार पनि गुम्ने बताएका छन् । उनले आफू यो कुरा भावनामा आएर बोलेको नभई देखेर र भोगेर भनेको बताए । अध्यक्षले भने, 'माओवादी केन्द्रलाई बलियो बनाउने जिम्मा माओवादीको मात्र नभई सम्पूर्ण जनताको हो ।' पूर्व प्रधानमन्त्री तथा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भजनी नगरपालिकाको प्रशासकीय भवनको उद्घाटन गर्दै जनताको कामलाई प्रभावकारी र गुणात्मक बनाउन अध्यक्ष प्रचण्डको आग्रह गरेका छन् । उनले भने, 'कामको प्रभावकारीता र गुणात्मकतामा ध्यान जाओस् । जनतामा सेवा प्रवाह गर्ने कुरामा तीब्रता आओस् । जनताले त्यो महसुश गरेपछि मात्रै नवनिर्मित भवनको उद्घाटनको औचित्य सिद्ध हुन सक्दछ ।' अध्यक्ष प्रचण्डले् आफूलाई शिलान्यास र उद्घाटन दुबैको अवसर आफूलाई प्राप्त भएको भन्दै अब काम राम्रो भयो भने आफ्ना लागि सुन्तुष्टीको विषय हुने बताए ।एकअर्को प्रसंगमा उनले अहिले गठबन्धन सहितको नयाँ सरकार बनेर सरकारको पनि बलियो एकताको आधारमा अगाडि बढ्ने जमर्को गरेको उल्लेख गरे । अध्यक्षले भने, 'यसै क्रममा अहिले पाँच दलीय गठबन्धनको एउटा समन्वय समिति पनि बनेको छ । यसले गठबन्धनलाई अझै बलियो बनाएको छ ।' अध्यक्षले नेपाली जनताको एकता, राष्ट्रको एकता र स्वाधिनता सुदृढ नहुँदासम्म र जनता सम्पूर्ण रूपले शोषण उत्पीडनबाट मुक्त नभएसम्म आफूहरू लडिरहने बताए । उनले अबको लडाई शान्तिपूर्ण प्रतिष्पर्धाकै रूपले संविधान संशोधन र परिमार्जन गर्दै अगाडि बढ्ने बताए । उनले अब कुनै पनि प्रतिक्रियावादी जालझेल र षडयन्त्रलाई सफल हुन नदिने प्रतिवद्धता पनि व्यक्त गरे ।

### जसपाका उपाध्यक्षलाई धम्की

कपिलवस्तु । जनता समाजवादी पार्टी नेपाल कपिलवस्तुका उपाध्यक्ष रामनिवास पुरीलाई धम्कीपूर्ण भाषा प्रयोग गरी फोन आएको छ । मंसिर ३ गते दिउँसो हिन्दू धर्मको विषयमा आवाज नउठाएको भन्दै गालीगलौजसहित धम्की आएको पुरीले बताएका छन् । महाकाल सस्थाको अध्यक्ष भन्दै आफूलाइ गोपाल शुक्ला बताउने व्यक्तिले असभ्य बोलेको पुरीको भनाइ छ । जनकपुर घटनाको विषयमा सामाजिक संजालमा कुनै प्रतिकृया नदिएको भन्दै गालिगलोज गरेको बताइएको छ । आफुले दङ्गा गर्न चाहेको बताउँदै चुनावको समयमा हिन्दु समुदायको भोट माग्न आएमा लात्तीले हान्ने चेतावनी दिएका छन् । पुरीले आफ्नो शान्ति सुरक्षाको माग गर्दै गणेशपुर प्रहरीमा ठाडो उजुरी दिएका छन् । यसरी फोन गरेर असभ्य बोल्दै गाली गलौच गरेकोले कानुन बमोजिम कारबाहीको माग गरेका छन् ।

# कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्न सके आर्थिक समृद्धि : राष्ट्रपति भण्डारी




**राकेश प्रसाद चौधरी**

महोत्तरी । राष्ट्रपति विद्यादेवी भण्डारीले चुरे तराईको जीवन रहेकोले यसको संरक्षण भए समग्र तराईको दिगो विकास हुने बताएकी छिन् ।

चुरे संरक्षण केन्द्रित तथा बाढी नियन्त्रणसहितका कार्यक्रमले मात्र तराई समृद्ध हुने उनको कथन थियो । मटिहानी नगरपालिकास्थित रंगशालाको उद्घाटन समारोहमा बोल्दै राष्ट्रपति भण्डारीले जनताको सहज बसोबासका लागि शिक्षा, खानेपानी, गुणस्तरीय सडक, विद्युतिकरण, संचार सुविधा, ढल निकास र हरियालीमा ध्यान दिनुपर्ने बताइन् ।

अन्न भण्डार रहेको तराई क्षेत्रमा कृषिको आधुनिकरण र व्यवसायीकरण गर्न सकेमा देशको आर्थिक समृद्धि हासिल गर्न सकिने बताउँदै राष्ट्रपति भण्डारीले जातिय छुवाछुत , भेदभाव, महिदा उत्पीडन, अन्धविश्वास, अशिक्षाले सिर्जित गरेको गरिबी र समस्या हाम्रा लागि चुनौती रहेको तर्फ ध्यानाकर्षण गराइन् । उनले जलेश्वर महादेव तथा लक्ष्मीनारायण मन्दिरसहितका ऐतिहासिक स्थलहरूको संरक्षण अहिले आवश्यकता रहेको बताइन् ।

महाकवि विद्यापतिको चर्चा गर्दै उनले मटिहानी शिक्षाको प्राचिन केन्द्र रहेको र ऋषिमुनिका कारण ज्ञानभूमिको रूपमा यो क्षेत्र परिचित रहेको चर्चा गर्दै उनले प्रदेश सरकारले ल्याएको बेटी बचाउ, महिला सशक्तिकरण कार्यक्रमले महिला उत्पीडनमा कमी ल्याउने आशा व्यक्त गरिन् ।

मटिहानीको पहिलो रंगशाला बनाउन एक करोड पाँच लाख रूपैया खर्च भएको जानकारी मेयर हरिप्रसाद मण्डलले दिए । यो रंगशाला एक विग्हा नौ कठ्ठामा फैलिएको छ । रंगशाला उद्घाटन समारोहमा प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यमन्त्री लालबाबु राउत, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, सांसद चन्दा चौधरी, पूर्व प्रदेश राज्यमन्त्री अभिराम शर्मा, प्रदेश सांसदहरू रानी शर्मा, सुरिता साह, जयनुल राइन, महोत्तरी जिल्ला समन्वय समितिका सभापति सुरेशप्रसाद सिंहसहितको सहभागिता थियो ।

रंगशाला उद्घाटन कार्यक्रम पश्चात् राष्ट्रपति भण्डारीले लक्ष्मीनारायण मठमा लक्ष्मीनारायण तथा तसमैया बाबाको दर्शन गरि ३०३ बर्ष पूरानो संस्कृत पाठशालाको अवलोकन गरेकी थिइन् । सो लगत्तै सात किलोमिटर टाढा रहेको प्राचिन जलेश्वर महादेव मन्दिरमा दर्शन गरेर राजधानी फिर्ता भइन् ।

### रंगशालाको उद्घाटन

राष्ट्रपति विद्यादेवी भण्डारीले महोत्तरी जिल्लाको मटिहानी नगरपालिका नवनिर्मित रंगशालाको उद्घाटन रेकी छन् ।

मटिहानी नगरपालिकाको लगानीमा निर्माण भएको रंगशाला उद्घाटन कार्यक्रमका लागि राष्ट्रपति भण्डारी यहाँ आएकी थिइन् । एक भव्य कार्यक्रमका बीच सो रंगशालाको उद्घाटन गरिएको हो ।

राष्ट्रपति भण्डारीलाई नगरपालिकाका नगरप्रमुख हरिप्रसाद मण्डलले स्वागत गरेका थिए । साथै अतिथिहरूलाई अभिनन्दन पत्रसमेत प्रदान गरेका थिए ।

सो उद्घाटन कार्यक्रममा प्रदेश नं. २ का प्रदेश प्रमुख हरिशंकर मिश्र, मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी, लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष महन्थ ठाकुर, पूर्वमन्त्री तथा सांसद चन्दा चौधरी, प्रदेशसभा सदस्यहरू सुरिता कुमारी साह, जयनुल राइन, रानी शर्मा, राम कुमार शर्मासहित सो क्षेत्रका नागरिकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

### धार्मिक सदभावको अनुकरणीय नगरी मटिहानी : मुख्यमन्त्री राउत

मुख्यमन्त्री लालबाबु राउतले मटिहानी नगरपालिका धार्मिक सदभावको अनुकरणीय नगरी रहेको बताएका छन् ।

मटिहानी रंगशालाको उद्घाटन समारोहमा विशिष्ट अतिथिको आसनबाट बोल्नु हुँदै मुख्यमन्त्री राउतले लक्ष्मी नारायण मठका साथै पिरबाबा र तसमैया बाबा प्रतिको जनआस्थाले मटिहानीलाई धार्मिक सद्भावको अनुकरणीय बनाएको उल्लेख गरे । मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पछि विकास निर्माण कार्यले तीब्रता लिएको उल्लेख गर्दै मुख्यमन्त्री राउतले जनप्रतिनिधि विहिनताको अवस्थामा देखिएको सुस्तता अन्त भएको दावी गरे ।

तीनै तहका सरकारले अगाडी बढाएको विकास निर्माणको अनुभूति सर्वसाधारणले गर्न थालेको र त्यस्कै एउटा उदहरण मटिहानी रंगशाला रहेको उनको कथन थियो । मानवीय विकास सुचकांङ्कमा पछि परेको प्रदेश २लाई अगाडी बढाउन महिला शिक्षामाथी जोड दिनु पर्नेमा प्रदेश सरकार सचेत रहेको उल्लेख गर्नु हुँदै मुख्यमन्त्री राउतले शिक्षाका साथै रोजगारीमा समेत महिलाको पहुँच सुनिश्चित गर्न प्रदेश सरकार प्रतिवद्ध रहेको बताए ।

उहाँले प्रदेश सरकारको हरेक निकायमा पचास प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चितता गरेको उल्लेख गरे ।

मटिहानी नपाका प्रमुख हरिप्रसाद मण्डलको अध्यक्षता एवं राष्ट्रपति विद्यादेवी भण्डारीको प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा प्रतिनिधि सभा सदस्य महन्थ ठाकुर लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
पुल महाशाखा

जानकारीमूलक सूचना

१. पुलहरूमा जथाभावी दिसा-पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।
२. पुलको तलमाथि खोलाबाट बालुवा, ठिट्टी, ढुंगा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा पानी नझिकौं ।
३. पुलमाथि सकभर सीमित गतिमा सवारी चलाउने बानी बसालौं ।
४. मानव शरीरमा रहेको रक्त स्नायु तन्त्रस्तै पुल सडकको अभिन्न अंग हो । एक ठाउँमा रक्तनली काटिन जाँदा पक्षघात भएजस्तै पुल भत्किन जाँदा सडक उपयोगहीन हुन्छ र मानव जीवन अस्तव्यस्त हुनसक्छ ।

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायनिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com

## संक्षिप्त समाचार

### सूर्यमा ग्रहण लागिसकेको छ : माधव नेपाल

जनकपुरधाम । नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधव कुमार नेपालले एमालेको सूर्य छापमा ग्रहण लागिसकेको बताएका छन् । बुधबार जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष नेपालले सूर्यमा ग्रहण भन्दै कलम चल्न थालेको बताएका छन् । उनले एकीकृत समाजवादी पार्टी एमालेभन्दा शक्तिशाली बनिसकेको दाबीसमेत गरेका छन् । केपी ओलीको हठका कारण एमालेको यो दशा भएको भन्दै उनले आगामी निर्वाचनमा यो पार्टी चोइटिएर जाने बताए । 'सात प्रदेशमध्ये २ वटा प्रदेशमा हाम्रो पार्टीको सरकार छ । प्रदेश २ मा पनि एमालेभन्दा हाम्रो पार्टी ठूलो रहेको छ', उनले भने ।

### प्रदेश २ का नवनियुक्त मन्त्रीद्धय द्वारा सपथ

जनकपुरधाम । प्रदेश नं. २ सरकारका नवनियुक्त दुई जना मन्त्रीहरूले पद तथा गोपनीयताको सपथ ग्रहण गरेका छन् । आइतबार प्रदेश प्रमुख हरिशंकर मिश्राले मुख्यमन्त्री लालबाबु राउतद्वारा नवनियुक्त उद्योग, पर्यटन तथा वन मन्त्री शत्रुधन महतो र कानून, न्याय तथा प्रदेशसभा मामिला मन्त्री प्रमोद कुमार यादवलाई पद तथा गोपनीयताको सपथ गराएका हुन् । नवनियुक्त मन्त्रीद्धय नेकपा (एकीकृत समाजवादी) का प्रदेश सांसदहरू हुन् ।

### रंगलीबाट १० किलो गाँजासहित पक्राउ

मोरङ । रंगेली नगरपालिका-१ बिशाल बजार चोकबाट करिब १० किलो गाँजासहित एक जना पक्राउ परेका छन् । अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ सहित बेलबारी नगरपालिका-३ बस्ने २४ वर्षीय बुद्धराज राईलाई शनिबार साँझ प्रहरीले पक्राउ गरेको छ । को.१ ह ४८०२ नम्बरको टेम्पोलाई ईलाका प्रहरी कार्यालय सखरदिनाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बोरामा राखी ल्याउँदै गरेको अवस्थामा उक्त गाँजा सहित फेला पारी टेम्पो चालक राईलाई पक्राउ गरेको हो ।

### सैनामैनामा खैरो हेरोइनसहित तीन पक्राउ

रूपन्देही । सैनामैना नगरपालिका-७ हरनैयाबाट ८ ग्राम ४ सय ३० मिलिग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित ३ जनालाई शनिबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ सोही ठाउँ बस्ने ३७ वर्षीय पूर्ण बहादुर थापा, ३३ वर्षीय मनोज थापा र देवदह गाउँपालिका-५ बस्ने २३ वर्षीय सागर सिंह थापा रहेका छन् । ईलाका प्रहरी कार्यालय सालझण्डीबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

### पोखरीमा युवक मृत फेला

कपिलवस्तु । महाराजगंज नगरपालिका-१ बस्ने २० वर्षीय राममिलन मुराउ बुद्धभूमि नगरपालिका-७ मानपुरस्थित माछा पोखरीमा मृत अवस्थामा फेला परेका छन् । महाराजगंज नगरपालिका-७ माझीहवा घाटमा शुक्रबार मेला हेर्न गएका उनी घर नआएपछि खोजी गर्ने क्रममा उक्त पोखरीमा उनको शव फेला परेको हो ।

### लाखौंको काठ बरामद

कपिलवस्तु । जिल्लाको विजयनगर गाउँपालिका र कृष्णनगर नगरपालिका १२ स्थित सीमा ईलाकाबाट सशस्त्र प्रहरीले करीव २ लाख ८० हजार रूपैयाँ बराबरको सिसौको काठ बरामद गरेको छ । अबैध रूपले ल्याई लुकाई छिपाई राखेको उल्लेखित मुल्य बराबरको करीव ७० क्यूफिट सिसौको काठ सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट विजयनगर र सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कृष्णनगरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद काठ सव डिभिजन वन कार्यालय ठाकुरपुर कपिलबस्तुमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

### धनगढीमा ब्राउनसुगरसहित दुई जना पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-२ त्रिनगरबाट ७ ग्राम ९ सय मिलिग्राम अवैध लागूऔषध ब्राउनसुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । सोमबार साँझ पक्राउ पर्नेहरूमा सोही उपमहानगरपालिका-२ बैयाबेहडी बस्ने २६ वर्षीय सन्देश बोगटी र सोही उपमहानगरपालिका-१ बस्ने ३० वर्षीय बिजय मगराती रहेका छन् । लु.४५ प २६५३ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी त्रिनगरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त ब्राउनसुगर सहित फेला पारी पक्राउ गरेको हो ।

### मोटरसाइकल दुर्घटनामा युवकको मृत्यु

रौतहट । चन्द्रपुर नगरपालिका-८ बैजनाथपुरस्थित सडकमा ना.५३ प ६११२ नम्बरको मोटरसाइकल र ना.४३ प ६२४३ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ । सोमबार राति दुघटना हुँदा ना.५३ प ६११२ नम्बरको मोटरसाइकल चालक चन्द्रपुर नगरपालिका-९ डुमरिया बस्ने २५ वर्षीय रामा शंकर साहको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको चपुरस्थित चपुर प्रालि अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अन्य २ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ ।

### गाई काटीरहेको अवस्थामा २ जना पक्राउ

बाँके । खजुरा गाउँपालिका-५ उडारापुर बस्ने ४० वर्षीय हकिम बेहना र ४५ वर्षीय वकिल बेहनालाई गाई काटीरहेको अवस्थामा बुधबार बिहान प्रहरीले पक्राउ गरेको छ । उनीहरूले सोही गाउँपालिकास्थित उडारापुरमा गाई काटीरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले ३० किलो गाईको मासु सहित फेला पारी उनीहरूलाई पक्राउ गरेको हो ।

### बसको ठक्करबाट एकको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१३ जितगढीस्थित सकडमा ना.७ ख ९०६ नम्बरको बसले लु.२६ प ५८९८ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । मंगलबार राति ठक्कर दिँदा मोटरसाइकलमा सवार बुटवल उपमहानगरपालिका-१३ बस्ने ५२ वर्षीय टंकमणी भन्ने राम प्रसाद बन्झाडेको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको एडमान सिटी अस्पताल जितगढी सामान्य उपचार पश्चात लुम्बिनी सिटी बुटवलमा थप उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकको गम्भीर अवस्थामा उपचार भइरहेको छ । हाल फरार बस चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### ट्रकमा च्यापिएर एकको मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-१ मिनि मार्केटस्थित सडकमा ना.२ ख ९३७० नम्बरको ट्रक मोड्ने क्रममा सोही ट्रकमा च्यापिएर पैदलयात्री टिकापुर नगरपालिका-२ बन्दीपुर बस्ने ४० वर्षीया गोमा थापाको बिहीबार बिहान घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनालाई लिएर स्थानीयवासीले ट्रकमा तोडफोड तथा आगजनी गरेका छन् । दमकलको सहयोगमा ट्रकको आगो निभाउनुको साथै ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### मोटरसाइकल पल्टिादा चौधरीको मृत्यु

रूपन्देही । गैडहवा गाउँपालिका-६ कञ्चन पुलस्थित सडकमा लु.२३ प १७४० नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई पल्टिएर बुधबार राति दुर्घटना हुँदा मोटरसाइकल चालक सैनामैना नगरपालिका-५ बुद्धनगर बस्ने ४० वर्षीय बिजय चौधरीको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको हो ।

### लागूऔषधसहित एक जना पक्राउ

पर्सा । पर्सा जिल्लाको बीरगंज महानगरपालिका १६ स्थित भन्सार ईलाकाबाट सशस्त्र प्रहरीले विभिन्न किसिमका लागूऔषधसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा बारा जिल्लाको जितपुर उपमहानगरपालिका ४ निजगढ बस्ने २५ वर्षिय कृष्ण गौतम छन् । भारतबाट नेपालतर्फ ल्याउँदै गरेका निज गौतमलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बीरगंजबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनको साथमा डाईजापाम ८ वटा, नोफिन ८ वटा, फेनारागन ८ वटा र ईन्जेक्सन ४ वटा फेला पारेको हो । पक्राउ परेका गौतमलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाई कुभाईएको छ ।

## नेपाली कांग्रेस १४औं महाधिवेशन

# क्षेत्रीय प्रतिनिधिलाई गगन थापाको अपिल

# ‘पार्टी नवनिर्माणका लागि दृढ संकल्पित बनौं’

आदरणीय अग्रज तथा साथीहरू,

जय नेपाल !

यति बेला विभिन्न तहका अधिवेशनहरू मार्फत हाम्रो पार्टी १४औं महाधिवेशनको महाअभियानमा होमिएको छ । आज, मंसिर ६ गते प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन र एक मात्र निर्वाचन क्षेत्र भएका जिल्लामा जिल्ला अधिवेशन समेत हुँदैछ । सबै अग्रज र साथीहरूलाई उत्साहका साथ अधिवेशन प्रक्रियामा सहभागी भई पार्टीका सबै तहको अधिवेशनलाई सफल बनाउन हार्दिक अनुरोध गर्दछु ।

नेपाली कांग्रेस केवल एउटा पार्टीमात्र होइन, राजनीतिक, सामाजिक र वैचारिक आन्दोलन पनि हो । सात दशकदेखि नेपाली राजनीतिको हरेक मञ्चमा हाम्रो पार्टीले सदा केन्द्रीय भूमिका निर्बाह गर्दै आएकोमा हामीलाई गर्व छ । तर इतिहासलाई शिरानी हालेर मात्र अब हाम्रो श्रेष्ठता कायम रहन सक्दैन । परिवर्तनको वेगलाई ठम्याएर समयानुकूल पाइला चाल्न सकियो भनेमात्र हाम्रो श्रेष्ठता प्रमाणित हुँदै जानेछ । हामीसँग बहुलवादी लोकतन्त्रको वैचारिक श्रेष्ठता छ; संघर्ष, जेलनेल, त्याग र तपस्याले खारिएको ठूलो पाको र अनुभवी पुस्ता छ । उदात्त ध्येय र गम्भिर समर्पणका साथ समाज परिवर्तन गर्न क्रियाशील असंख्य साथीहरू पार्टीभित्र हुनुहुन्छ । देशभित्र र बाहिर त्यस्तो तन्नेरी पुस्ता छ, जो स्वाभिमान र स्वतन्त्रतायुक्त उदार नेपालको संकल्प गरिरहेको छ । सँगसँगै हामीसँग नेपाली कांग्रेसको उन्नतिप्रति उत्तिकै सचेत र सहानुभूतिशील देशभित्र र संसारभरी छरिएका शुभेच्छुक नेपालीको ठूलो पंक्ति छ । सबै नेपाली कांग्रेस पार्टीको नीति र नेतृत्वमा गतितशीलता, सामयिकता र नयाँपनको खोजीमा हुनुहुन्छ। विपि कोइरालाले भनेजस्तै-’पार्टी एउटा बृहत् कुटुम्ब हो। त्यसका सदस्यहरूबीच कुटुम्बबीचको घनिष्टता, स्नेह र आत्मीयता हुनुपर्दछ । एउटाको दुःख सबैको दुःख हो, एउटाको अपमान सबैको अपमान हो, एउटाको प्रतिष्ठा सबैको प्रतिष्ठा हो भन्ने धारणा सबैमा हुनुपर्दछ ।’ यो महाधिवेशनबाट हामीले त्यस्तो पार्टी बनाउनु छ, जसमा सबै सदस्यले आत्मसम्मान र अपनत्वको अनुभूति गरून्, जसमाथि आम जनताले भरोषा र विश्वास गरून्।

आदरणीय साथीहरू,

नेपाली कांग्रेस पार्टीको जीवनमा महाधिवेशन आवाधिक रूपमा नेतृत्व छनोट गर्ने प्रक्रिया मात्रै होइन हामीले कस्तो कांग्रेस वनाउन चाहान्छौं भनेर निर्णय गर्ने अवसर पनि हो । निःसन्देह हामी सबै कांग्रेसमा रूपान्तरण चाहान्छौं । तर, जब त्यो रूपान्तरित कांग्रेसका लागि आफ्नो तहमा निर्णय गर्ने समय आउँछ, हामी अलमलिएर पार्टीलाई दिशानिर्देश गर्ने अवसर खेर जाने गरेको छ । यस पटकको महाधिवेशनमा लिइने निर्णयको प्रभाव अझ दूरगामी हुनेछ । हामीले गर्ने निर्णयले यो कांग्रेस पार्टीको जीवनमा मात्र होइन लगत्तै हुने स्थानीय तह, प्रदेश र संघीय निर्वाचन अनि राष्ट्रिय राजनीतिलाई समेत प्रभावित गर्नेछ । तसर्थ, तपाईलाई क्षेत्रीय प्रतिनिधिको रूपमा आफ्नो मत र विश्वास प्रदान गरेका आम कांग्रेसजनले मात्र होइन नेपालभित्र र बाहिर रहेका कांग्रेसप्रति सुभेच्छा राख्ने र यो देशको उन्नतिको कामना गर्ने सबैले यो पटक हामीले कस्तो निर्णय गर्छौं व्यग्रताका साथ हेरिरहनु भएको छ । त्यसैले- हाम्रो पार्टीलाई जीवन्त, गतिशील तथा देश र जनताप्रति निरन्तर समर्पित राखिरहन मन, वचन र कर्मले प्रतिबद्ध तपाईहरू सबैसँग आ-आफ्नो ठाउँबाट त्यो महान अभिभाराको बोध गरी विवेकपूर्ण निर्णय गर्नका लागि यसै पत्रमार्फत विनम्रतापूर्वक अपिल गर्दछु।

आदरणीय साथीहरू,

यो महाधिवेशनपछि हामीले नवीन आत्मविश्वासका साथ भन्न सकौं कि- ’अब कांग्रेसले इतिहासलाई शिरानी हालेर मात्र बस्दैन, परिवर्तनको वेगलाई ठम्याएर अगाडि वढ्छ, योग्यता र परिकल्पनाको प्रतिस्पर्धालाई उत्प्रेरित गर्छ, आफूले पाएको अवसरलाई सही सदुपयोग गर्दै जनताको समस्याप्रति सदैव समानुभूतिशील रहन्छ र सधैं जनताको भरोषा र विश्वास पाइरहन्छ, सदाचारमा विश्वास गर्छ र भ्रष्टाचार-कुशासनका विरूद्ध उभिन्छ ।’ हामी चाहान्छौंकांग्रेस पार्टी अझ उन्नत र गतिशील बनोस् र मुलुकलाई समुन्नतिको गन्तव्यमा पुयाओस् ।

हाम्रो संविधानले समुन्नत नेपालको प्रष्ट गन्तव्य सहित अगाडि जाने बाटो देखाइदिएको छ । यो महाधिवेशनले पार्टीलाई विवेकपूर्ण ढंगले संविधान निर्दिष्ट बाटोलाई फराकिलो पार्दै गन्तव्यसम्म पुयाउने जिम्मेबारी बहन गर्न सक्षम बनायो भनेमात्र हाम्रा संघर्षका प्राप्तिहरू दीगो हुनेछन् । महाधिवेशनमा हामी गुट वा समुहको, पद र प्रतिष्ठाको प्रतिस्पर्धामा मात्रै अल्मलियौं भने पार्टीलाई समुन्नत नेपाल निर्माणको नेतृत्वका लागि सक्षम बनाउने एउटा ठूलो अवसर हामीले गुमाउने छौं । तर मलाई विश्वास छ हामी त्यो अवसरलाई गुम्न दिने छैनौं । त्यसैले लाखौं क्रियाशील सदस्यहरूले विश्वास गरेर पठाएका प्रतिनिधिको रूपमा एकचोटी कठोर आत्मसमीक्षाका साथ फेरी आफूले हिँडेको राजनीतिको बाटोको पुनरावलोकन गर्ने साहसका लागि म आह्वान गर्दछु। सामुहिक संकल्प गरौंहामी पार्टीलाई २००७ सालको जस्तो क्रान्ति चेत भएको, २०१५ सालको जस्तो प्रगतिशिल सोच भएको, २०४८ सालको जस्तो लोकप्रिय मत भएको अनि आउँदो युगको समय चेत बुझ्न सक्ने र आगामी पुस्ताले विश्वास र भरोसा गर्न लायक पार्टी बनाउने छौं ।’ पटक पटक प्रमाणित भएको सत्य के हो भने नेपाली कांग्रेसले सही बाटो समात्यो भनेमात्र देशले सही बाटो समात्छ, अन्यथा फेरिपनि राजनीतिक गोलचक्कर समाप्त हुने छैन।



गगन थापा

**तपाईले आज छनोट गरेर पठाउने महाधिवेशन प्रतिनिधिले नै मंसिर २४ गतेदेखि हुने नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा पार्टीको नेतृत्व छनोट गर्नेछ । आज सहि निर्णय गर्न सक्यौं भने मात्र पार्टीले सही गति लिनेछ ।**

आदरणीय साथीहरू,

हाम्रो पार्टीमा क्षेत्रीय प्रतिनिधि पार्टीको सबैभन्दा आधारभूत तहको निर्णायक शक्ति हो । कांग्रेसजनको मत र भावनाको प्रतिनिधिको रूपमा कस्तो कांग्रेस बनाउने भन्ने जगमा तपाई हुनुहुन्छ । जग कमजोर भयो भने जतिसुकै मेहनतले घर बनाउन खोजेपनि बलियो बन्न सक्दैन । लाखौं क्रियाशील सदस्यहरूले तपाईंजस्तै क्षेत्रीय प्रतिनिधि चुनेर पार्टीको नेतृत्व र नीति निर्धारण गर्ने महाधिवेशनका प्रतिनिधि छनोट गर्नका लागि पठाउनु भएको छ । तपाईको एउटा निर्णय र छनोटले पार्टी कस्तो बनाउने भन्ने कुरा तय गर्नेछ । तपाईले आज छनोट गरेर पठाउने महाधिवेशन प्रतिनिधिले नै मंसिर २४ गते देखि हुने नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा पार्टीको नेतृत्व छनोट गर्नेछ । आज सहि निर्णय गर्न सक्यौं भने मात्र पार्टीले सही गति लिनेछ । पार्टीलाई नवजीवन दिने कामको आरम्भ तपाईहरूबाट हुदैछ । तपाईंको निर्णय पार्टीको सर्वोत्तम हित र नवनिर्माणको लागि हुनेछ भन्ने कुरामा विश्वस्त छु । विगतमा हिंसा र निरंकुशताको जुहारी चलिरहेका बेला, प्रतिबन्धित र कठोर संघर्षका बेला निष्ठा, त्याग र समर्पणका साथ देशको कुना कन्दरामा रहेर अग्रज कांग्रेसजनले लोकतन्त्रका लागि गरेको बलिदानले नै आज हामीले सगौरव जय नेपाल भन्न पाएका छौं ।

अब फेरि एकपटक पार्टी नवनिर्माणको लागि संकल्प गरौं र विवेकसम्मत निर्णय गरौं ताकी भोलीको पुस्ताले पनि चीरकालसम्म जय नेपाल भन्दा गर्व गरिरहन पाओस् । यो महाधिवेशनले तपाईजस्ता निष्ठावान काँग्रेसजनलाई पार्टीमा रचनात्मक हस्तक्षेप गरी पार्टीमा नयाँ जागरण ल्याउने अवसर दिएको छ। मलाई विश्वास छ, पार्टीको पुनर्जागरण र नवनिर्माणका लागि हामीले सही निर्णय लिनेछौं ।

जय नेपाल!

## कपिलवस्तुमा हैजाविरुद्ध खोप अभियान

मणि प्रसाद गैह्रे, कपिलवस्तु । केही महिना अगाडी जिल्लाका विभिन्न स्थानमा हैजा फैलिएपछि उक्त रोगको रोकथामका लागि हैजाविरूद्धको खोप अभियान आइतबारबाट सुरू गरिएको छ । स्वास्थ्य कार्यालय कपिलवस्तुद्वारा यशोधरा गाउँपालिकाको आधारभूत अस्पताल बैदौलीमा आयोजित कार्यक्रममा लुम्बिनी प्रदेशका स्वास्थ्यमन्त्री ईन्द्रजित चौधरीले खोप कार्यक्रमको उद्घाटन गरेका छन् । सो अवसरमा यशोधरा गाउँपालिकाका अध्यक्ष गिरीजेश कुमार पाण्डेयलाई हैजा विरूद्धको ओरल कलोरा भ्याक्सिन खुवाएर खोपको शुभारम्भ गरिएको थियो । यशोधरा गाउँपालिकामा आइतबारदेखि मंसिर १० गतेसम्म खोप अभियान सचालन हुनेछ । कपिलवस्तुमा फैलिएको हैजालाई नियन्त्रण गर्न जिल्लामा बृहद अभियान संचालन गरिने भएको छ । जिल्लाका हैजा प्रभावित ५ पालिकामा हैजा बिरूद्धको ओरल कलोरा भ्याक्सिन खुवाइने भएको हो । स्वास्थ्य कार्यालयका प्रमुख प्रमुख हेमराज पाण्डेयले हैजाबाट सुरक्षित हुन र संभावित मृत्युलाई रोक्न जिल्लाको यशोधरा गाउँपालिकाबाट भ्याक्सिन लागउने कार्यको थालनी गरिएको बताए । यशोधरा गाउपालिकालाई ३७ हजार ७८३ जनालाई खोप लागईने छ । सो अवसरमा मन्त्री चौधरीले अभियानलाई सफल बनाउनु पर्ने बताए । उनले पालिकाहरूले सरसफाईमा बिशेष ध्यान दिन आग्रह गरे । सो अवसरमा गाउपालिका अध्यक्ष पाण्डेयले आफनो पालिकामा हैजा फैलिएरकोमा दुःख ब्यक्त गर्दै खोप अभियानलाई सफल बनाउने बताए । अन्य ४ पालिकाहरू कृष्णगनर, महाराजगंज शिवजराज नगरपालिका र बिजयनगर गाउपालिकामा आउने मंसिर ७ देखि १२ गतेसम्म खोप अभियान संचालन हुनेछ । जिल्लाका ५ पालिकामा खोप लागउनकालागि २ लाख ५२ हजार ३६३ कलोरा खोप आएको स्वास्थय कार्यालकया प्रमुख हेमराज पाण्डेयले बताए ।

कृष्णनगर नगरपालिकाकालाई ६० हजार ७४३, महारागंज नगरपालिकालाई ५३ हजार १५६, शिवराज नगरपालिकालाई ६४ हजार ७४८, विजयनगर गाउँपालिकालाई ३५ हजार ९०३ खोप खुवाइने छ । खोप विश्व स्वास्थ्य संगठन हुदै संयुक्त राष्ट्रसंघीय बालकोष (यूनिसेफ) मार्फत् उक्त खोप नेपाल आएको हो । ओरल कोलेरा भ्याक्सिन मुखबाट थोपा राखेर ख्वाईन्छ ।

सोनाफी हेल्थकेयर प्रालि भारतबाट उत्पादीत सो खोप प्रति ब्यक्ति ढेड एम एलका दरले खुवाउने गरिन्छ । १४ औ र २८ औ दिनमा गरी खोप २ पटक खुवाउनु पर्छ । अभियानमा १ सय ६८ खोपकर्ता, ३ सय ४८ स्वयमसेवक र ५ सय ३५ महिला स्वयमेविका परिचलन हुनेछन् । कृष्णनगर र विजयनगरका ९ जनाको दिशामा हैजाको जिवाणु फेला परेको थियो । यशोधराका एक जनामा पनि हैंजाको जिवाणु फेला परेको थियो ।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उपायहरू :**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।



**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# भारतद्वारा एडीबीसँग ३० करोड ऋण सम्झौतामा हस्ताक्षर

भारत सरकार र एसियाली विकास बैंक (एडीबी) ले १३ राज्यका सहरी क्षेत्रमा व्यापक प्राथमिक स्वास्थ्य सेवाको पहुँचलाई सुदृढ र सुधार गर्न ३० करोड ऋण सम्झौतामा हस्ताक्षर गरेका छन्।

'शहरी क्षेत्रमा व्यापक प्राथमिक स्वास्थ्य सेवा र महामारीको पूर्वतयारीलाई सुदृढीकरण गर्न' ऋण सम्झौतामा मंगलबार हस्ताक्षर भएको छ ।

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधबार जनाए अनुसार लगभग ५ करोड सुकुम्बासी सहित २५ करोड ६० लाख भन्दा बढी शहरी बासिन्दाहरू यस सम्झौता द्वारा लाभान्वित हुने छन्।

यो कार्यक्रम १३ राज्यहरूमा शहरी क्षेत्रमा लागू गरिनेछः

आन्ध्र प्रदेश, असम, छत्तीसगढ, गुजरात, हरियाणा, झारखण्ड, कर्नाटक, मध्य प्रदेश, महाराष्ट्र, राजस्थान, तमिलनाडु, तेलंगाना, र पश्चिम बंगाल।

यसले भारत सरकारको प्रमुख स्वास्थ्य पहलहरू - आयुष्मान भारत स्वास्थ्य र कल्याण केन्द्रहरू र प्रधान मंत्री आत्मनिर्भर स्वस्थ भारत योजना लाई समर्थन गर्दछ। यसलाई प्रधान मंत्री आयुष्मान भारत स्वास्थ्य पूर्वाधार अभियान को रूपमा



नामाकरण गरिएको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार यसले गुणस्तरीय प्राथमिक स्वास्थ्य सेवाको उपलब्धता र पहुँच विस्तार गरेर सहरी क्षेत्रमा जोखिममा परेका जनसङ्ख्याका लागि फाइदा दिनेछ।

सन् २०१८ मा सुरू गरिएको, आयुष्मान भारत कार्यक्रमले भारतभर स्वास्थ्य सेवा प्रदान गर्न व्यापक प्राथमिक स्वास्थ्य सेवामा पहुँच सुधार गर्ने लक्ष्य राखेको छ।

देशको स्वास्थ्य प्रणालीमा थप दबाब दिने कोरोनाभाइरस महामारीको फैलावटसँगै, सरकारले प्रणाली सुदृढीकरणको लागि दीर्घकालीन दृष्टिकोण अपनाउन प्रधानमन्त्री-एस्बीलाई पछि सन् २०२१ अक्टोबर महिनामा प्रधानमन्त्री अभिम को रूपमा नामाकरण गरिएको थियो।

कार्यक्रम मार्फत एचडब्लुसी को व्यापक प्राथमिक स्वास्थ्य सेवा प्याकेजहरू सहित गैर-संक्रामक रोगहरू र सामुदायिक पहुँच सेवाहरू जस्तै स्वास्थ्य हेरचाह विकल्पहरू, विशेष गरी महिलाहरूको लागि सचेतना बढाउने गतिविधिहरूको प्रावधानको साथ बढ्दो उपयोगलाई बढावा मिल्नेछ।

प्राथमिक स्वास्थ्य सेवाको प्रावधान र स्वास्थ्य सूचना प्रणालीलाई डिजिटल उपकरण, गुणस्तर सुनिश्चित गर्ने संयन्त्र र निजी क्षेत्रसँगको संलग्नता र साझेदारी मार्फत स्तरोन्नति गरिने स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

कार्यक्रम कार्यान्वयन र समन्वय, क्षमता निर्माण, नवप्रवर्तन, ज्ञान बाँडफाँड र स्वास्थ्य सेवा प्रणालीमा उत्कृष्टताको प्रयोगको लागि समर्थन प्रदान गर्न एडीबीको गरिबी न्यूनीकरण कोषको जापान कोषबाट २० लाख अमेरिकी डलर प्राविधिक सहायता अनुदानद्वारा कार्यक्रम समर्थित छ।

भारत सरकारको तर्फबाट अर्थ मन्त्रालयका आर्थिक मामिला विभागका अतिरिक्त सचिव रजत कुमारले सम्झौतामा हस्ताक्षर गरेका थिए। एडीबीको तर्फबाट भारत निवासी नियोगका देशीय निर्देशक ताकेओ कोनिशीले हस्ताक्षर गरेका छन् ।

*- इण्डिया न्यूज नेटवर्क*

# कृषि र औषधि उत्पादनहरूको व्यापार तथा बजार पहुँचलाई सुदृढ गर्न भारत र अर्जेन्टिना सहमत

भारत र अर्जेन्टिनाले बुधबार व्यापार र लगानीलाई सुदृढ पार्ने, कृषि तथा औषधि उत्पादनका लागि बजार पहुँच दिने, सूचना प्रविधि क्षेत्रमा सहयोग र जनता-जनताबीचको सम्बन्धलाई प्रगाढ बनाउने उपाय पहिचान गरेका छन् ।

भारत र अर्जेन्टिना बीच बुधबार नयाँ दिल्लीमा भएको छैठौं चरणको विदेश कार्यालय परामर्शमा यस विषयमा छलफल भएको हो ।

परराष्ट्र मन्त्रालयले जारी गरेको विज्ञप्ति अनुसार भारतीय प्रतिनिधिमण्डलको नेतृत्व सचिव (पूर्व) रिभा गांगुली दासले गरेकी थिइन् भने अर्जेन्टिना प्रतिनिधिमण्डलको नेतृत्व उप विदेशमन्त्री पाब्लो टेटामन्तीले गरेका थिए। भनिएको छ ।

सन् २०१९ मा दुई देशबीच को सौहार्दपूर्ण सम्बन्ध रणनीतीक साझेदारी मारू परिबर्तन भएको थियो। यसै सन्दर्भमा यस बैठकमा दुवै पक्ष ले बहुआयामिक सम्बन्ध मा भएको प्रगति को समीक्षा गरेका छन्।

रक्षा, अन्तरिक्ष, आणविक ऊर्जा, खनिज, ऊर्जा (परम्परागत र नवीकरणीय), तेल र ग्यास (परम्परागत र शेल), स्वास्थ्य र औषधि, कृषि, आयुर्वेद, विकास सहयोग, विज्ञान र प्रविधि, लगायत पारस्परिक हितका धेरै क्षेत्रमा जारी द्विपक्षीय सहयोगलाई फराकिलो बनाउन दुवै पक्ष सहमत भएका छन्।

कोभिड समयमा पारस्परिक सहयोगको स्मरण गर्दै दुवै पक्ष ले महामारी विरूद्धको लडाई र महामारी पछिको पुनरूत्थान मा आपसी सहयोग जारी राख्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

दुवै पक्षले विभिन्न क्षेत्रीय र वैश्विक मुद्दाहरूमा विचार आदानप्रदान गरेका छन् र बहुपक्षीय मञ्च मा विद्यमान समन्वयलाई सुदृढ गर्ने निर्णय गरेका छन् । परामर्श मैत्री, न्यानो र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो। अर्को परामर्श ब्यूनस आयर्समा पारस्परिक रूपमा सुविधाजनक मितिमा गर्न दुवै पक्ष सहमत भएका छन् ।




# कांग्रेस महाधिवेशनको आर्थिक समिति सल्लाहकारमा उद्योगपति चौधरी



काठमाडौं । सत्तारूढ नेपाली कांग्रेसको आसन्न १४औं महाधिवेशनका लागि गठन भएको आर्थिक समितिको सल्लाहकारमा वरिष्ठ उद्योगपति विनोद चौधरी मनोनयन भएका छन् ।

सल्लाहकारमा उद्योगपति चौधरी, दीपकुमार उपाध्याय, दिव्यमणिराज भण्डारी र पाल्देन गुरूङ मनोनयन भएका छन् । समितिले १४औं महाधिवेशन सम्पन्न गर्नका लागि आवश्यक पर्ने खर्च जुटाउनेछ । आर्थिक समितिका संयोजक एवम् सूचना तथा सञ्चारमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले चार सल्लाहकार र १० सदस्य गरी १४ जनालाई समितिमा मनोनयन गरेका हुन् ।

यसैगरी, समितिको सदस्यहरूमा दीपक खड्का, उमेश श्रेष्ठ, जीपछिरिङ लामा, मोहन आचार्य, इन्द्र बानियाँ, अनिल रूङ्गटा, महेश जाजु, वीरेन्द्र कनोडिया, रामकृष्ण भट्टराई र दयाराम पाण्डे छन् ।

**पशु सेवा विभाग**

**राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय**

**हरिहरभवन, ललितपुरको अनुरोध**

- पशु नश्ल सुधारका माध्यमबाट पशुजन्य पदार्थको उत्पादन एवं उत्पादकत्व बढाई खाद्य तथा पोषण सुरक्षाको सुनिश्चितता गरौं ।
- घाँसमा आधारित पशु पालन गरी उत्पादन लागत घटाई खुद नाफा बढाऔं ।
- स्वस्थ्य तथा स्वच्छ पशुजन्य पदार्थ उत्पादनका लागि आफ्नो फार्ममा असल पशुपालन अभ्यास (Good Hus-bandry Practices) र असल उत्पादन अभ्यास (Good manufacturing Practices) को अवलम्बन गरौं ।
- रैथाने तथा लोपोन्मुख पशुपन्छीहरूको संरक्षण संवर्द्धन र सदुपयोग गरौं ।
- अनुत्पादक पशु वस्तुहरूलाई सडक तथा सार्वजनिक स्थानहरूमा छाडा नछाडौं ।
- आफ्नो पशुपन्छीहरूलाई नियमित रूपमा परजिवी नियन्त्रण गरौं तथा विभिन्न संक्रामक रोग विरूद्ध खोप लगाऔं ।

विस्तृत जानकारीको लागि
सम्पर्क
फोन : ०१-५५२२०३१
इमेल : info@nlrmpo.gov.np

## जिल्ला समाचार

### नोवेल अस्पतालले मनायो १४औं स्थापना दिवस

विराटनगर । प्रदेश नं. १ को राजधानी विराटनगरमा रहेको नोवेल अस्पतालले १४औं स्थापना दिवस मनाएको छ । प्रदेश १ का प्रदेश प्रमुख परशुराम खापुङले विराटनगरस्थीत नोबेल अस्पतालले छोटो समयमै प्रगति गर्न सकेर नोबेल नै बन्न सकेकोमा बताएका छन् । नोबेल अस्पतालको १४ स्थापना दिवसको अवसरमा प्रदेश प्रमुखले बिहीबार यस्तो बताएका हुन् । सो अवसरमा नोबेल अस्पतालका सञ्चालक डा. सुनिल शर्माले नोबेलको सफलताका हासिल गर्दै गएकोमा खुशी व्यक्त गरेका थिए । कार्यक्रममा नोबेल मेडिकल कलेजका प्राचार्य प्रा.डा. रामहरी निर्देशक डा. राजेश नेपाल, सहनिर्देशक डा. मुक्ति आचार्य, जेनेरल मेनेजर रूद्रप्रसाद शर्मा, अन्तर्राष्ट्रिय शैषिक निर्देशक डा. निरञ्जन कुमारलगायतले मन्तव्य दिएका थिए । २०६१ सालमा विराटनगरको कञ्चनबारीमा स्थापना भएको मेडिकल कलेज गुणस्तरीय उपचार र स्तरीय चिकित्सा शिक्षाका लागि पूर्वी नेपालकै सबै ठूलो अस्पताल मानिएको छ ।

### महासेठले मनोमानी गरेको भन्दै प्रदर्शन

जनकपुरधाम । नेकपा (एमाले) का स्थायी समिति सदस्य तथा सांसद रघुवीर महासेठका विरूद्धमा पार्टीकै नेता कार्यकर्ताहरू प्रदर्शन गरेका छन् । प्रदर्शनका क्रममा एमालेका नेता/कार्यकर्ताले महासेठबिरूद्ध नाराबाजी समेत गरेका छन् । महासेठले मनोमानी गरेको भन्दै प्रदेश सांसद समेत रहेका किशोरी साह 'कमल' सहितका नेताले शनिबार जनकपुरधाममा प्रदर्शन गरेका हुन् । उनले महाधिवेसन प्रतिनिधि छनौटमा मनोमानी गरेको भन्दै रेल्वे स्टेशनबाट महासेठविरूद्ध निकालिएको विरोध र्‍याली नगरको विभिन्न भाग परिक्रमा गर्दै एमाले पार्टी कार्यालयमा गएर टुँगिएको थियो । एमालेको प्रदेशका प्रमुख सचेतक समेत रहेका साहले महासेठले पार्टीमा तानाशाह बनेर महाधिवेसन प्रतिनिधी छनौट गरेको बताए । 'महासेठले आफ्ना आसेपासे र नातागोतालाई मात्रै महाधिवेसन बनाएका छन्' उनले भने, 'त्यहीं कारण प्रदर्शनमा उत्रनुपरेको छ ।'

### पाण्डेय कांग्रेसको प्रतिनिधिमा निर्वाचित

इमरान खान, कपिलवस्तु । नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा कपिलवस्तु क्षेत्र नं.२ (ख) बाट नेपाली कांग्रेसको युवा नेता अनुप कुमार पाण्डेय लोकप्रिय मतसहित प्रदेश प्रतिनिधिमा निर्वाचित भएका छन् । कपिलवस्तुको क्षेत्र नं. २ (ख) बाट नेतृ पाण्डेयले प्रदेश प्रतिनिधि निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ । युवा नेतृत्व पाण्डेयले सबै भन्दा धेरै र लोकप्रिय मत पाएको कपिलवस्तु कांग्रेसका कार्यकर्ताहरूले जनाएका छन् । कांग्रेसको १४ औं महाधिवेशनमा युवाहरूले कब्जा जमाइरहेको बेला कपिलवस्तुमा पनि युवा नेतृत्व अनुप कुमार पाण्डेयले राम्रो मत पाएर प्रदेश प्रतिनिधिमा चयन भएका छन् । कांग्रेसको महाधिवेशनमा यस पटक युवाहरूले राम्रा स्थानहरूमा जितेका छन । युवाहरूलाई पार्टी नेतृत्वमा जानका लागि अप्रत्यक्ष रूपमा कार्यकर्ताको साथ र समर्थन देखिएको छ । पाण्डेय जिल्ला समन्वय समिति कपिलवस्तुका जिल्ला सदस्य समेत हुन । साथै नवनिर्वाचित पाण्डेयद्वारा सम्पुर्ण नेपाली कांग्रेस कार्यकर्ताहरूलाई नेपाली कांग्रेसको १४ औं महाधिवेशनमा आउने मंसिर १० गते कपिलवस्तु जिल्लाको जिल्ला पार्टी अधिवेशनमा युवा, झुझारू एवं पार्टी प्रति लगनशीलता संघर्षशिल एवं इमान्दार नेता सुधाकर पाण्डेयलाई जिल्ला सभापति पदमा आफ्नो अमुल्य मत दि सभापति पदमा बहुमतले बिजयी गराऔना अनुरोध समेत गरेका छन् ।

### बालविवाहविरूद्ध अन्तरक्रिया

वीरगञ्ज । बालविवाह अन्त्यका लागि छोरीको पढाइमा ध्यान दिनुपर्ने सरोकारवालाहरूले बताएका छन् । सँगसँगै पैतृक सम्पत्तिमा छोरीको अंश हक सम्बन्धि कानुन कार्यान्वयनमा ल्याउनुपर्ने उनीहरूको मत छ । आइतबार बाराको कलैयामा शान्तिका लागि साझा अभियान (कोक्याप) ले साथ साथ सिकाइ सञ्जाल समिति बाराको समन्वयमा गरेको अन्तर्क्रियाका सहभागीले छोरीलाई सक्षम बनाउनुपर्ने बताए । सामाजिक परिचालिका मीना गुप्ताले कम उमेरमा विवाह गर्दा धेरै समस्या भोग्नुपर्ने बताइन् । 'कम उमेरमा विवाह हुँदा, बच्चा कहिले जन्माउँदा ठीक हुन्छ ? घर व्यवहार कसरी धान्ने ? जानकारी हुँदैन । परिवारका सदस्यले बुझिदिँदैनन्' उनले भनिन् 'शिक्षा सीप केही हुँदैन, जसले गर्दा निकै कष्टकर जीवन व्यतित गर्नुपर्छ ।' अधिकारकर्मी गौरी ढकालले दाइजो नलिई विवाह गर्नेलाई सामाजिक रूपमा सम्मान गर्नुपर्ने बताइन् । 'चिया पसलमा होस वा मन्दिरमा पुजा गर्न जाँदा होस, फलानोले यति लाख रूपैयाँ दाइजो लिए भनेर कु-प्रचार गर्छौं । तर गाउँमा कसैले दाईजो नलिई विवाह गरेको बारे खासै चर्चा हुँदैन' उनले भनिन् 'नराम्रो प्रवृत्तिको चर्चा कम गर्नुपर्छ ।' जिल्ला प्रहरी कार्यालय बारा अर्न्तगतको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका प्रहरी निरीक्षक भरत अधिकारीले प्रहरीमा बाल विवाह विरूद्धको उजुरी नै न्युन आएको बताए । बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले लुकिछिपी बाहेक बाल विवाह नभएको दावी गरे । 'बाल विवाह नै गर्ने गराउने त एकदमै कम छ, अति विपन्न, मुसहर, चमार, डोम समुदायमा मात्रै हो' उनले भने, 'बालबालिकाहरू १५/१६ वर्षको उमेरमै भाग्ने गर्दा समस्या छ ।'

### अनटेष्ट ट्याक्टर पल्टिँदा दुई भारतीयको मृत्यु

धनुषा । विदेह नगरपालिका-७ बेलापट्टीस्थित सडकमा अनटेष्ट लेखिएको ट्याक्टर पल्टिँदा दुई भारतीय नागरिकको मृत्यु भएको छ । जनकपुरबाट खजुरीतर्फ जाँदै गरेको ज.१ त ९६४९ नम्बरको ट्याक्टरलाई अनटेष्ट लेखिएको ट्याक्टरले ओभरटेक गर्ने क्रममा बाटोबाट अन्दाजी २ फिट तल खेतमा पल्टिएर दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा भारत सितामढी बेला थाना सिरसिया गाउँ बस्ने ६० वर्षीय राम दयाल राय यादव र सोही ठाउँ बस्ने ४५ वर्षीया अमृता देवी रहेका छन् । दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका अन्य १८ जनामध्ये ११ जनाको सोही अस्पतालमा र ७ जनाको राम जानकी अस्पताल जनकपुरमा उपचार भइरहेको छ । घाइतेहरू मध्ये ११ जनाको अवस्था गम्भीर, ६ जना मध्यम र १ जनाको अवस्था सामान्य रहेको छ । ज १ त ९६४९ नम्बरको ट्याक्टर चालकलाई नियन्त्रणमा लिनुका साथै हाल फरार अनटेष्ट लेखिएको ट्याक्टर चालकको प्रहरीले खोजी गरिरहेको छ ।

### वन पैदवार चोरी निकासी मुद्दाका फरार प्रतिवादी पक्राउ

मोरङ । वन पैदवार चोरी निकासी मुद्दाका फरार प्रतिवादी मिक्लाजुङ्ग गाउँपालिका-५ बस्ने ४५ वर्षीय राज कुमार गौतमलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत विराटनगर मोरङको २०६९ वैशाख २८ गतेको फैसलाले वन पैदवार चोरी निकासी मुद्दामा ४ लाख २३ हजार ८५ रूपैयाँ जरिवाना ठहर भई फरार भएका उनलाई ईलाका प्रहरी कार्यालय उर्लावारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई आवश्यक कारवाहीको लागि जिल्ला अदालत मोरङ विराटनगरमा पेश गरिएकोमा अदालतको आदेशले फैसला कार्यान्वयनका लागि मोरङ कारागार कार्यालय विराटनगर चलान गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### अवैध लागूऔषध गाँजा बरामद

पर्सा । पकाहा मैनपुर गाउँपालिका-५ फजहादास्थित खेतमा सोही ठाउँ बस्ने ५० वर्षीय जोगिन्द्र राउतले राखेको परालको थुप्रोबाट करिब २७ केजी अवैध लागूऔषध गाँजा मंगलबार राति प्रहरीले बरामद गरेको छ । उक्त परालको थुप्रोमा लागूऔषध गाँजा लुकाई राखेको छ भन्ने सूचना प्राप्त हुनासाथ प्रहरी चौकी सबैठवाबाट खटिएको प्रहरीले उक्त लागूऔषध फेला पारी बरामद गरेको हो ।

### लागूऔषध मुद्दाका फरार प्रतिवादी पक्राउ

बाँके । लागूऔषध मुद्दाका फरार प्रतिवादी राप्ती सोनारी गाउँपालिका-५ बिनौना बस्ने ५० वर्षीय चक्र बहादुर थारूलाई मंगलबार प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत बाँकेको २०७७ माघ २२ गतेको फैसलाले लागूऔषध मुद्दामा १० महिना ५ दिन कैद र ५० हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत बाँकेमा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ ।

# नेपाल र भारतका स्वास्थ्यमन्त्रीबीच समझदारीपत्रमा हस्ताक्षर




काठमाडौं । कोभिड खोप प्रमाणपत्रको पारस्परिक मान्यताका लागि भारत सरकार स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच एक समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

मंगलबार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आयोजित एक समारोहका बीच स्वास्थ्य तथा जनसंख्यामन्त्री विरोध खतिवडाको उपस्थितिमा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा.रोशन पोखरेलबीच एक समझदारीपत्रमा हस्ताक्षर भएको हो । पूर्णरूपमा कोभिड-१९ खोप लगाइसकेका दुवै राष्ट्रका यात्रुहरूको यात्रा सहज बनाउन यो समझदारीपत्र एक महत्वपूर्ण कदम हुनुका साथै भारत र नेपालबीचको कोभिड-१९ सम्बन्धी बलियो सहकार्य र समन्वयमा अर्को कोशेढुङ्गा साबित हुने जनाइएको छ ।

## बाबा रामदेवको टेलिभिजन उद्घाटन

काठमाडौं । योगगुरू बाबा रामदेवको पतञ्जली योगपीठको शुक्रबार टीभीको उद्घाटन भएको छ । मण्डिखाटारमा पतञ्जली नेपाल टीभी तथा आस्था नेपाल टिमी शुभारम्भ गरेको छ । उक्त कार्यक्रममा योगगुरू बाबा रामदेव र आचार्य बालकृष्ण सहभागी थिए । प्रधानमन्त्री शेरबहादुर देउवा कार्यक्रममा प्रमुख अतिथिका रूपमा पुगे । देउवाका अलावा भारतका केन्द्रीय मन्त्री नितिन गड्करी, बाबा रामदेव र आचार्य बालृकष्णको तस्बिरसहितको ब्यानर थियो ।

# सेनालाई वर्कशप ट्रक प्रदान

काठमाडौं । भारतीय सेनाले नेपाली सेनालाई वर्कशप ट्रकहरू उपहारस्वरूप प्रदान गरेको छ । टुंडिखेलस्थित नेपाली सेनाको मुख्यालयमा बिहीबार आयोजना गरिएको एक समारोहबीच भारतीय सेनाले नेपाली सेनालाई टाटा एलपिटिए १६२८ वर्कशप ट्रकहरू उपहारस्वरूप प्रदान गरेको हो । भारतका रक्षा सहचरी कर्णेल अमित शर्माले भारतीय सेनाको तर्फबाट उक्त वर्कशप ट्रक नेपाली सेनाका सहायक रथी कृष्णदेव भट्टलाई हस्तान्तरण गरे । कम्प्याक्ट मोबाइल वर्कशपको रूपमा काम गर्ने यी वर्कशप ट्रकहरूले नेपाली सेनाको सवारी साधनको सहज र निर्बाध कार्यक्षमता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ ।

प्रधानसेनापति प्रभुराम शर्माले हालै भारतका राष्ट्रपतिबाट भारतीय सेनाको मानार्थ महारथीको सम्मान ग्रहण गरी स्वदेश फर्किए पश्चात सो ट्रकहरू उपहारस्वरूप प्रदान गरिएको हो । रक्षा सहकार्य अन्तर्गत उपलब्ध गराइने यस्ता सैन्य सामाग्रीले भारतीय सेना र नेपाली सेनाबीच रहेको गहिरो तथा बलियो सम्बन्धलाई पुष्टि गर्दछ । यस सैन्य सम्बन्धले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ बनाउन पनि मद्दत गर्नेछ । भारत सरकारको तर्फबाट भारतीय सेनाले नेपाली सेनालाई अझ सशक्त एवम् आधुनिक बनाउन उसले गरेका प्रयासमा निरन्तर सहयोग गर्नेछ ।

# 'नेपाल हिन्दू राष्ट्र नै हो'

काठमाडौं । छिमेकी मित्रराष्ट्र भारतको सत्तारूढ दल भारतीय जनता पार्टीका प्रवक्ता विजय सोन्कर शास्त्रीले नेपाल हिन्दु राष्ट्र नै रहेको बताएका छन् ।

शनिबार पोखरामा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै शास्त्रीले नेपालको संविधानले धर्म निरपेक्ष राज्य भने पनि यहाँको सामाजिक प्रणाली हेर्दा हिन्दु राष्ट्र नै भएको उनले दाबी गरेका हुन् । 'संविधान एउटा कुरा हो । संविधानबाटै प्रशासनिक व्यवस्था चल्ने हो । तर, सामाजिक व्यवस्था, सामाजिक प्रणालीबाटै चल्ने हो । सामाजिक प्रणाली हेर्दा कसैले भन्न सक्दैन कि नेपाल हिन्दु राष्ट्र होइन ।' उनले भने ।

लोकसभाका पूर्वसांसद समेत रहेका शास्त्री हिन्दु धर्मसँग सम्बन्धित विभिन्न कार्यक्रममा सहभागी हुन काठमाडौं, जनकपुर हुँदै पोखरा पुगेका थिए ।

प्रवक्ता शास्त्रीले पैसाको भरमा धर्म परिवर्तन गराउने काम भइरहेको बताउँदै अब जनताले बुझिसकेको बताए । 'हामीले सामाजिक एकताको कुरा गरिरहेका छौं र कसैले सुझबुझका साथ विभेद गर्ने काम गर्छ भने, धर्म परिवर्तनको कुरा गर्छ भने, पैसा दिएर धेरै योजना पूरा गराउन खोज्छ भने, त्यो सामाजिक एकताको विरूद्ध छ,' उनले भने ।

## आर्थिक समाचार

### एमसीसी पारित गर्नुपर्छ : अध्यक्ष गोल्छा

काठमाडौं । नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष शेखर गोल्छाले अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) पारित गर्नुपर्ने बताएका छन् । नेपाल आर्थिक पत्रकार संघले बुधबार काठमाडौंमा आयोजना गरेको 'आर्थिक पुनरूत्थानमा सार्वजनिक निजी साझेदारी' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उनले सो कुरा बताएका हुन् । नेपालका राजनीतिक दलहरूबीच नै अन्योल कायम रहेकोले लामो समयदेखि एमसीसी अनिर्णित रहेको छ । कोरोना पछिको आर्थिक पुनरूत्थानमा महत्त्वपूर्ण सहयोग पुग्ने भन्दै अध्यक्ष गोल्छाले एमसीसी पारित गर्नुपर्ने बताए । उनले एमसीसी पारित नभए नेपालले राम्रो अवसर गुमाउने बताए । एमसीसीका विषयमा आफ्नो कुनै स्वार्थ नरहेको भन्दै उनले मुलुकका लागि आवश्यक परियोजना भएको बताए ।

### ग्लोबल आइएमइका ग्राहकलाई मोबाइल बैंकिङ्ग एप्लिकेसन चलाउन इन्टरनेट निःशुल्क

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरूलाई मोबाइल बैंकिङ्ग एप्लिकेसन 'ग्लोबल स्मार्ट र ग्लोबल स्मार्टप्लस' चलाउन निःशुल्क मोबाइल डाटा उपलब्ध गराउने भएको छ । डिजिटल बैंकिङ्गको क्षेत्रमा ग्लोबल आइएमई बैंकको यो नयाँ पहल हो । यो सुविधा नेपाल टेलिकमको सिम भएका ग्राहकहरूलाई उपलब्ध हुनेछ । ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्प्रहकहरूलाई नविनतम् प्रविधिमा अभ्यस्त गराउँदै बैंक नै आफ्नो हातमा पुर्‍याउने उद्देश्यका साथ यो आकर्षक योजना सार्वजनिक गरेको हो । यो सुविधा प्रदान गर्ने उद्देश्यका साथ ग्लोबल आइएमई बैंक लिमिटेड र नेपाल टेलिकमबीच समझदारी पत्रमा मंगलबार हस्ताक्षर सम्पन्न भएको छ । समझदारी पत्रमा ग्लोबल आइएमई बैंक लिमिटेडको बजार तथा व्यवसाय प्रवर्द्धन प्रमुख शान्ता शिवाकोटी र नेपाल टेलिकमको तर्फबाट प्रमुख व्यापार अधिकृत संगीता पहाडीले हस्ताक्षर गरेका छन् । बैंकले समय-समयमा यस्ता विभिन्न किसिमका योजनाहरू ल्याई आफ्ना ग्राहकहरूलाई विस्तारित बैंकिङ्गका साथसाथै अन्य सेवाहरू प्रदान गर्दै आएको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्‍याउने उद्देश्यले ७६ जिल्लामा २८७ शाखा, २५२ एटीएम, २६३ शाखारहित बैंकिङ्ग सेवा, ४८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालयसमेत गरी करिब ८५० सेवा केन्द्रबाट २७ लाखभन्दा बढी ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

## मधेशको...

अहिले स्थिति फेरिएको छ । मधेशमा ओलीले विगतको नकारात्मक छवि सुधारका लागि काम गरिरहेका छन् । मतदातालाई प्रभाव पार्ने क्षमता भएका अन्य दलका स्थानीय नेता र विचार निर्मातालाई ओली नेतृत्वको एमालेले पार्टी प्रवेश गराइरहेको छ ।

ओलीले राजनीतिक रूपमा लोसपा नेताहरूलाई विश्वासमा लिइसकेका छन् । विगतमा तात्काली राजपा नेताहरू, जो अहिले लोसपामा छन्, नै ओलीका बढी आलोचक थिए ।

हुलाकी राजमार्गको निर्माण, राजमार्गदेखि जिल्ला सदरमुकाम जोड्ने सडक विस्तार र प्रदेश २ को सिंचाइका लागि कोसेढुंगा मानिएको कोशी-मरिन डाइभर्सन सिंचाइ आयोजनालाई ओलीले आफ्नो प्रभाव विस्तारको माध्यम बनाएका छन् । उनी मधेशमा विकास ल्याउने नेताको छवि बनाउने प्रयासमा छन् ।

## रघुवीर...

माओवादी आन्दोलनलाई मधेशमा सक्रिय राख्न प्रभु साहको ठूलो भूमिका रहेको जानकारहरू बताउँछन् । तत्कालिन एमाले र माओवादी केन्द्र मिलेर नेकपा बन्दा प्रभु साह पार्टीको केन्द्रीय सदस्य थिए भने उनलाई प्रदेश २ अध्यक्षको जिम्मेवारी समेत दिइएको थियो । सर्वोच्च अदालतले यी दुई दललाई ब्युँताइदिएपछि प्रभु साहले एमाले रोजे । अहिले उनी केपी ओलीका विश्वास पात्रका रूपमा चिनिन्छन् ।

एमाले केन्द्रीय सदस्यका लागि भने प्रदेश २ बाट एक दर्जनभन्दा बढी आकांक्षी छन् । महासेठ पत्नी जुली महतो, सुमन प्याकुरेल, हरिनारायण महतो, उत्तम गौतम, टेकबहादुर बलमपाकी, सुवोध यादव, रामदयाल मण्डल, लिलानाथ श्रेष्ठ, राजनारायण साह, बलवीर चौधरी, प्रभु हजरा, रामचन्द्र मण्डल, बसरूद्दिन अन्सारीलगायत नेताहरू केन्द्रीय सदस्यका लागि निर्वाचन लड्ने बताइएको छ ।

एमालेको दसौं महाधिवेशनका लागि प्रदेश २ बाट २३२ जना प्रतिनिधि छानिएका छन् ।

## युवा...

युवा कलाकार र विद्यार्थीहरूको महत्त्वपूर्ण भूमिका रहनेमा जोड दिए ।

कार्यक्रमको उद्घाटन लोसपा अध्यक्ष ठाकुरले गरेका थिए र यसमा डीएभी सुशील केडिया विश्व भारती स्कूलका अध्यक्ष अनिल केडिया र प्रथम सचिव ( प्रेस, सूचना र संस्कृति) नवीन कुमारको उपस्थिति थियो ।

सो अवसरमा बोल्दै प्रथम सचिव (प्रेस, सूचना तथा संस्कृति) नवीन कुमारले भारत र नेपालका कलाकारहरूको रमाइलो प्रस्तुति र आफ्नो कलाको माध्यमबाट दुई देशका जनतालाई एकताबद्ध गराउन योगदान गरेकोमा धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा भारतका चर्चित कलाकारहरू गायिका डा. रञ्जना झा, नर्तकहरू यामिनी शर्मा र रिजुला मिश्र र नेपालका स्वजन रघुवंशी समूहले आफ्नो प्रस्तुतिले दर्शकहरूलाई मोहित पारेका थिए ।

भारत र नेपालका सीबीएसई स्कूलका युवा विद्यार्थीहरूले पनि सांस्कृतिक प्रदर्शनी प्रदर्शन गरेका थिए ।

सो कार्यक्रम भारतको स्वतन्त्रताको ७५ वर्ष मनाउन र स्मरण गर्न भारत सरकारको पहल, 'आजादीको अमृत महोत्सव' को एक हिस्सा थियो ।

## जसपा...

घोषित १ सय ३३ सदस्यीय प्रदेश समितिमा ७ उपाध्यक्ष, १ मुख्य सचिव, ५ सचिव र १ कोषाध्यक्ष छन्। त्यस्तै सल्लाहकार प्रमुख, प्रदेश विज्ञ परिषद् प्रूमख, निर्वाचन आयोग प्रमुख, अनुशासन आयोग प्रमुख र लेखा आयोग प्रमुख गरी ५ निकायका प्रमुखहरूको हैसियत पनि पदाधिकारी सरह हुने जसपाको अन्तरिम विधानमा उल्लेख छ। कार्यक्रमका प्रमुख अतिथि जसपा केन्द्रीय कार्यकारिणी समिति सदस्य एवम् प्रदेश पार्टी समायोजन कार्यदलका सदस्य परशुराम बस्नेतले समायोजित समितिको नामावली घोषणासहित सपथ गराएका थिए।


# हार्दिक शुभकामना



श्रीमती हंसा साह

श्री सुब्बालाल मेहता



जनता समाजवादी पार्टी नेपालको प्रदेश नं. १ समितिको उपाध्यक्षमा **श्रीमती हंसा साह** र सचिवमा **श्री सुब्बालाल मेहता** चयन हुनु भएकोमा उत्तरोत्तर प्रगतिको कामनासहित हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**पुनम कुमारी मेहता**

कार्यवाहक अध्यक्ष, भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी, प्रदेश नं. १

लिङ्ग पहिचान गरी भ्रुण हत्या गर्नु अपराध हो ।

त्यस्तो दुष्कर्म कसैले नगरौं, नगराऔं ।

छोरा र छोरी दुवैको जीवन सुरक्षित गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड




**मिथिला दर्शन**

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

**विशेष जानकारीका लागि सम्पर्क**

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं